म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५६ बिहीबार, ३ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 16 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**भूकम्पबाट जोगिन सचेत बनौ**

- भूकम्पको वेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं,

भूकम्पको सम्भावित जोखिमवाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## संचालनमा आउन सकेन प्रदेश सरकारका शीतभण्डार

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ किसानका कृषिउत्पादन सुरक्षित राखेर बेमौसममा बेच्दा राम्रो मूल्य प्राप्त हुने भन्दै बागमती प्रदेश सरकारको पहलमा निर्माण भएका शीतभण्डार संचालनमा आउन सकेको छैन । मौसमी, बेमौमी तरकारी र फलफूललाई सुरक्षित भण्डारण गरी बजारमा बिक्री गर्दा किसानलाई राम्रो आम्दानी हुने भन्दै प्रदेश सरकारले हरेक जिल्लामा शीतभण्डार निर्माणको योजना अघि सारेको थियो ।



प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजीक्षेत्रको साझेदारीमा एक अर्ब ६ करोडका १२ शीत भण्डार ६ वर्षअघि निर्माण थालेको थियो । तीमध्ये ६ वटा शीतभण्डार निर्माण सम्पन्न भएपनि प्रयोगविहीन छ । ४ वटा निर्माण पूरा हुने क्रममा छ । जग्गा उपलब्ध नहुँदा २ वटा शीतभण्डारको निर्माण सुरु हुनै सकेन । प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेटमार्फत 'एक जिल्ला, एक शीतभण्डार' को अवधारणा ल्याएको थियो । दोलखा, काभ्रे, मकवानपुर, रसुवा, नुवाकोट, धादिङ, चितवन, सिन्धुली र रामेछापमा शीतभण्डार निर्माण थालियो । नुवाकोटमा २, दोलखामा २ र अन्य जिल्लामा एक/एक शीतभण्डार निर्माणको काम सुरु गरियो ।

दोलखाको एक र काभ्रेको शीतभण्डार जग्गा उपलब्ध नहुँदा निर्माण सुरु हुन सकेन । मकवानपुरको थाहा नगरपालिकाले आफैं निर्माण र सञ्चालनको जिम्मा लिएको थियो । त्यसबाहेक अन्य स्थानमा साझेदार संस्थाको सहयोगमा शीतभण्डार निर्माण भएको छ । प्रदेशको साबिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालय)ले साझेदार संस्थासँगको सहकार्यमा ३ चरणमा एक वर्षभित्र निर्माण सक्ने गरी शीतभण्डार निर्माणको ठेक्का प्याकेजमा लगाएको थियो । पहिलोचरणमा ८ वटा शीतभण्डार निर्माणका लागि २०७६ असार २५ मा, दोस्रो चरणमा २ वटा शीतभण्डारका लागि असार ३० मा र तेस्रो चरणमा २ वटा शीतभण्डार निर्माणका लागि माघ १३ मा निर्माण कम्पनीसँग सम्झौता भएको थियो ।

१० वटा शीतभण्डार मध्ये ५०० मेट्रिकटन क्षमताका ५ र ३०० मेट्रिकटन क्षमताका एक शीतभण्डार निर्माण सम्पन्न भइसकेका छन् । शीतभण्डारको पूर्वाधार निर्माणसहित सबै काम सम्पन्न भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । एक वर्षभित्र सक्ने सम्झौता भएपनि कोभिड-१९ महामारीलगायत कारण दुई पटकसम्म म्याद थपेर ती शीतभण्डार निर्माण गरिएका हुन् । साझेदार संस्थालाई हस्तान्तरण नहुँदा व्यावसायिकरुपमा शीतभण्डार प्रयोगमा आउन सकेका छैनन् । मन्त्रालयका सचिव विनोदकुमार भट्टराईका अनुसार १० वटा शीतभण्डार निर्माणका लागि १ अर्ब १७ करोड ३० लाख ५१ हजार रुपैयाँ लागत अनुमान रहेकोमा १ अर्ब ४ करोड ९३ लाख ९६ हजार रुपैयाँमा प्रदेश सरकारले ठेक्का सम्झौता गरेको थियो ।

मन्त्रालयले चितवनको खैरहनी नगरपालिका-९ र धादिङको बेनीघाटरोराङ गाउँपालिका-७ मा १ हजार ५०० मेट्रिकटन क्षमताका शीतभण्डार निर्माण गर्न इजी इन्फ्रा प्रालिसँग २५ करोड ७८ लाख ८१ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । २०७६ असार मसान्तमा भएको ठेक्का सम्झौताअनुसार २०७७ माघ १४ मा निर्माण सम्पन्न गर्नुपर्ने थियो । मन्त्रालयले २ शीतभण्डारका लागि इजी इन्फ्रालाई २२ करोड २५ लाख रुपैयाँ भुक्तानी गरिसकेको छ ।

खैरहनीको शीतभण्डारका लागि साझेदार संस्था सानाकिसान कृषि सहकारी, चितवनले पनि निर्माण कम्पनीलाई २ करोड ५० लाख भुक्तानी दिएको छ । शीत भण्डारमा टीओडी मिटर जडान हुन सकेको छैन । मिटर जडान भइसकेपछि शीत भण्डारको परीक्षण हुने बताइएको छ ।

नुवाकोटका विदुर नगरपालिका-५ र बेलकोटगढी नगरपालिका-१० मा पाँच-पाँच हजार मेट्रिकटन क्षमताका शीतभण्डार बनाउन २०७६ माघ १३ मा ठेक्का सम्झौता भएकोमा अहिलेसम्म ६० प्रतिशत मात्रै काम सकिएको छ । सरकार-निजी साझेदारीमा निर्माणका लागि प्रदेश कृषि मन्त्रालयले कुल ४० करोड २५ लाख ४९ हजार रुपैयाँमा रसुवा कन्स्ट्रक्सनलाई ठेक्का दिएको थियो । २ शीत भण्डारका लागि निर्माण कम्पनीले मन्त्रालयबाट अहिलेसम्म २३ करोड ९९ लाख रुपैयाँ र साझेदार संस्था बोलकोटगढी शीतभण्डार प्रा.लि. र हिमालयन शीतभण्डार प्रा.लि.बाट १० करोड रुपैयाँ भुक्तानी लिइसकेको छ । ती शीत भण्डारको भौतिक प्रगति ६० प्रतिशत छ ।

प्रदेश सरकार र साझेदार निकायले बनिसकेका, बन्दै गरेका र निर्माण नै सुरु नभएका १२ शीतभण्डारका लागि अहिलेसम्म ७६ करोड ७२ लाख ४८ हजार रुपैयाँ निर्माण कम्पनीलाई भुक्तानी दिइसकेका छन् । शीतभण्डार निर्माणमा लाग्ने खर्च प्रदेश र स्थानीय तह/सहकारीको साझेदारीमा क्रमश: ७० र ३० प्रतिशतका दरले लागत व्यहोर्ने तथा प्रदेश र निजीक्षेत्रको साझेदारीमा ५०/५० प्रतिशत रकम व्यहोर्ने सम्झौता भएको थियो ।

बनेपा नगरपालिका-७ मा साझेदार संस्था कृषि बजार मल्टीपर्पसले निर्माणस्थल उपलब्ध गराउन नसकेपछि ३०० मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणकार्य अघि बढ्न सकेको छैन । काभ्रेमा शीत भण्डार निर्माणका लागि तीन करोड ६४ लाख ५६ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको हो । प्रदेश कृषि मन्त्रालयका अनुसार निर्माण भइसकेका र निर्माणकार्य जारी रहेका शीतभण्डारका साझेदारले सम्झौताअनुसार १० करोड १२ लाख ४४ हजार रुपैयाँ भुक्तानी दिन बाँकी छ । सरकारले निर्माण गरेको शीतभण्डार सञ्चालनमा ल्याउन कठिन रहेको मन्त्रालयका सचिव भट्टराई बताउँछन् । एकै प्रकृतिको काम प्रदेश सरकारले फरक-फरक रणनीतिमा सञ्चालन गरेकाले व्यवस्थापकीय जटिलता देखिएको हो ।

'धादिङको शीतभण्डारको साझेदारलाई १०० प्रतिशत छुट दिएर बनाइएको छ । त्यसलाई हस्तान्तरण नगर्नु भन्ने महालेखाको निर्देशन छ । सरकारको व्यवस्थापकीय कमजोरीका कारण अहिले समस्या भएको हो ।' सचिव भट्टराईले भने । शीतभण्डार हस्तान्तरण, अनुगमन तथा सञ्चालनको मोडालिटीबारे अन्योल रहेको अवस्था छ । विगतका नेतृत्वले कमजोरी गर्दा आमकृषक समस्यामा छन् भने सरकारको लगानी बेकार बनिरहेको सचिव भट्टराइले बताए । सरकारबाट ठोस निर्णय नभएसम्म निकास आउन नसक्ने उनले प्रस्ट पारे ।

## मकवानपुरको दुई पालिकामा चट्याङ प्रतिरोध प्रबिधि राखिने



साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ चट्याङजन्य प्रकोप बढ्दै गएपछि मकवानपुरको दुई गाउँपालिकामा चट्याङ प्रतिराध प्रबिधि राखिने भएको छ । केही वर्षयता मकवानपुरका बिभिन्न ग्रामीण बस्तीमा चट्याङजन्य प्रकोप बढ्दै गएको छ ।

राक्सिराङ र मकवानपुरगढी गाउँपालिका चट्याङजन्य प्रकोपका कारण बर्सेनि मानवीय, घरपालुवा जनावर एवं भौतिक क्षति हुँदै आएको छ । चट्याङजन्य प्रकोपका कारण बर्सेनि धनजनको क्षति हुने क्रम बढ्दै गएपछि बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आयोजना गरेको चट्याङजन्य प्रकोप न्यूनीकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागीले चट्याङजन्य प्रकोप न्यूनीकरणका लागि प्रविधिको प्रयोगमा जोड दिएका हुन् ।

दक्षिण एसियाली चट्याङ सञ्जालको प्राविधिक सहयोगमा भएको कार्यक्रममा सञ्जालका अध्यक्ष डा. श्रीराम शर्माले चट्याङ पर्नुका कारण, चट्याङबाट बच्ने र चट्याङजन्य प्रकोप न्यूनीकरणका उपाय, प्रविधिको प्रयोग, चट्याङजन्य प्रकोप न्यूनीकरणका लागि भएका प्रयास, अन्यत्रको अनुभव, सिकाइबारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । चट्याङजन्य प्रकोपबाट उच्चजोखिममा रहेको राक्सिराङ गाउँपालिकामा प्रकोप न्यूनीकरणका लागि भइरहेको प्रयास, सिकाइ र गैरसरकारी संस्थाको सहयोगमा पूर्वचेतावनी प्रणाली राख्न भइरहेको तयारीका बारेमा छलफल गरिएको थियो ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले चट्याङजन्य प्रकोपका कारण प्रदेशका विभिन्न जिल्लामा धनजनको क्षति हुनेक्रम बढ्दै गएको भन्दै चट्याङजन्य प्रकोप न्यूनीकरणमा सचेतना कार्यक्रम महत्वपूर्ण हुने बताए । उनले चट्याङजन्य प्रकोपको बढी जोखिम भएका पालिकामा सचेतनासँगै प्रविधिको प्रयोग गर्ने गरी प्रदेश सरकारले चालु आर्थिक वर्षमा बजेट व्यवस्था गरेको जानकारी दिए ।

कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले चट्याङजन्य प्रकोपका दृष्टिले मकवानपुगढी उच्चजोखिममा रहेको भन्दै जोखिम न्यूनीकरणका लागि सहकार्य र समन्वय आवश्यक भएको बताए । राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले चट्याङजन्य प्रकोपका कारण राक्सिराङमा हरेक वर्ष ठुलो क्षति हुने गरेको बताउँदै पालिकाले सहयोगी संस्थाको सहयोगमा चट्याङजन्य प्रकोपका लागि गरिरहेका प्रयासका बारेमा जानकारी दिए ।

मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीको अध्यक्षतामा भएको कार्यक्रममा चट्याङजन्य प्रकोप न्यूनीकरणका लागि प्रदेश सरकारले गरेका तयारी र आगामी कार्यक्रमबारे छलफल गरिएको थियो । मकवानपुरगढी र राक्सिराङका जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुख एवम् प्रतिनिधि, मन्त्रालयका कर्मचारी सहभागी कार्यक्रममा मन्त्रालयका उपसचिव सुरेश खनालले चट्याङजन्य प्रकोप न्यूनीकरणका लागि सचेतनासँगै प्रदेश सरकारले पहिलोचरणमा मकवानपुरगढी गाउँपालिकामा अर्थिङ राख्ने योजना बनाएको जानकारी दिए ।

'अर्थिङ राख्दा लाग्ने खर्चका बारेमा सुरुमा अध्ययन गर्छौं,' उपसचिव खनालले भने, 'चालु आवका लागि विनियोजित बजेट अनुसार मकवानपुरगढीका सामुदायिक भवन, विद्यालय र स्वास्थ्यसंस्थामा अर्थिङ राख्ने योजना छ ।' उनले पूर्वचेतावनी प्रणाली राख्दा १५ देखि ३० मिनेटअघि चेतावनीसहितको सूचना आउने भएकाले चट्याङजन्य प्रकोपबाट बच्न सतर्कता अपनाउन र सुरक्षा दिन सकिने भन्दै राक्सिराङमा गरिने प्रयोग, सिकाइ र अनुभवपछि अन्य स्थानमा यो प्रविधिलाई अगाडि बढाउनेबारेमा छलफल गरिएको बताए । प्रदेश सरकारले चालु आवमा अर्थिङ राख्न २० लाख रुपैयाँ र चट्याङजन्य प्रकोप न्यूनीकरणका लागि सचेतना कार्यक्रम गर्न पाँच लाख रुपैयाँ विनियोजन गरेको बताइएको छ ।

## १११ केजी गाँजासहित एकजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ मकवानपुर प्रहरीले हेटौंडाबाट १११ किलो अबैध लागूऔषध गाँजा सहित १ जना पक्राउ गरेको छ ।

मंगलबार साँझ पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५ राटोमाटे चेकपोष्टबाट बाराको निजगढतर्फ जाँदै गरेको बा ७ च २५१० नम्बरको पिकअप भ्यानलाई चेकजांच गर्ने क्रममा १११ किलो अबैध लागूऔषध गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

गाँजासहित पिकअप चालक मकवानपुरको कैलाश गाउँपालिका-२ डाँडाखर्क बस्ने ३४ वर्षीय रावल स्याङवोलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक स्यामु अर्यालले बताए ।

पिकअप गाडी तरकारी बोक्न प्रयोग गर्दै आएको र गाडीको पछाडिको ढालाभित्र खाली क्रेटले छोपी लुकाई छिपाई गरी ल्याइएको अवस्थामा अबैध लागुऔषध गाँजासहित चालकलाई नियन्त्रणमा लिइएको जनाइएको छ । घटनाको आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

## हेटौंडा-१० मा घरेलु उत्पादन प्रर्दशनी, साँस्कृतिक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१० मा दोस्रो घरेलु उत्पादन प्रर्दशनी तथा साँस्कृतिक कार्यक्रम हुने भएको छ । कार्यक्रम १० नम्वर वडा कार्यालयको आयोजनामा हुन लागेको हो ।

वडा कार्यालयले बुधबार पत्रकार सम्मेलनमार्फत् माघ ११ र १२ गते प्रर्दशनी तथा साँस्कृतिक कार्यक्रमको आयोजना गर्न लागेको जानकारी गराएको छ । वडाध्यक्ष फूर्वादोर्जे लामाले स्थानीयले उत्पादन गरेको वस्तुलाई प्रवर्द्धन गर्ने, उत्पादित वस्तुको बजारीकरण गर्ने र स्वरोजगार सृजनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रर्दशनी तथा साँस्कृतिक कार्यक्रमको आयोजना गर्न लागिएको जानकारी दिए ।




टोल विकास संस्था, नगरसमन्वयन समिति, वडासमन्वयन समिति, उद्योग वाणिज्य संघ, विद्यालय, जाल्पादेवी उद्यमी महिला केन्द्र, स्थानीय क्लब, राजनीति दललगायत विभिन्न संघसंस्थाको सहकार्यमा कार्यक्रम हुन लागेको वडाध्यक्ष लामाले बताएका छन् । प्रर्दशनीमा हेटौंडा नगरका १९ वटै वडाका घरेलु तथा हस्तकला, कृषि, ढाकाबाट बनेका समानको प्रर्दशनी तथा बिक्री-वितरण गरिने वडाध्यक्ष लामाले बताए ।

उनका अनुसार, दुई दिनसम्म संचालन हुने प्रदशनीमा १०० वटा स्टल राखिनेछन् । व्यवसायीलाई स्टल नि:शुल्क उपलब्ध गराइनेछ । साथै कार्यक्रममा स्थानीय जातजातिको भेषभुषा र सँस्कृतिलाई संरक्षण गर्ने उदेश्यले कला, सँस्कृति झल्किने नृत्य प्रतियोगिताको पनि आयोजना गरिने आयोजकले जनाएको छ । नृत्य प्रतियोगितामा नगरका १९ वटै वडाका ईच्छुक कलाकारले सहभागिता जनाउन पाउने र नृत्यमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश: ५०, ३५ र २० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

त्यस्तै, सान्त्वना हुने ४ समूहले प्रतिसमूह ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रर्दशनी तथा साँस्कृतिक कार्यक्रमलाई सभ्य र भव्य बनाउन ५७ सदस्यीय १ मूल समिति र ६ वटा उपसमिति गठन गरिएको वडाअध्यक्ष लामाले जानकारी दिएका छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत



- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# परीक्षा प्रणालीमा सुधार कहिले ?

१० वर्षसम्म विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको परीक्षा करिब पौने तीन घण्टाको 'पेपर पेन्सील टेस्ट' बाट गरिन्छ । अनि हाम्रा अभिभावक आफ्ना नानीबाबुको रिजल्ट 'ए' वा 'ए प्लस' आएको भन्दै घिरौंला जत्रा नाक बनाउने गरेका छन् । आफ्ना नानीबाबुले १० वर्ष विद्यालयमा अध्ययन गर्दा के कुरा सिक्यो ? भन्ने विषयमा खासै चिन्तन देखिंदैन । मार्कसिटमा ए वा एप्लस आए पुग्यो । आफ्ना नानीबाबुले घरमा पाहुना आएको समयमा गर्ने ब्यवहार, आफ्नो सरसफाई, घर धन्दा, किनमेल, नाता कुटुम्बसँग गर्ने ब्यवहार, खेतीपाती, पशुपालन, परिबारको आयब्ययको ख्याल गर्ने, घरधन्दालगायतका काममा कस्तो पर्फमेन्स छ भन्ने कुरामा कुनै वास्ता छैन । औसतमा अंक ल्याएको तर, जीवनउपयोगी सीपमा दक्षता भएका बालबालिकालाई समाजले राम्रो नजरले हेर्न सक्दैन । हाम्रो परीक्षा प्रणाली कता जाँदैछ ? के हामीले कागजमा टन्नै अंक ल्याएका तर, ब्यवहारमा शुन्य भएका जनशक्ति उत्पादन गर्न खोजेको हो ? एसइइको परीक्षाको कार्यतालिका सार्वजनिक भएपछि बालबालिकालाई दवाबमा राखेर तयारी गर्न लगाउने अभिभावक र परीक्षा प्रणाली सुधार गर्न नसक्ने सरकारी संयन्त्रको ट्युनिङ मिलेको छ ।

राष्ट्रिय परीक्षा बोर्डले २०८१ को एसईई परीक्षाको तालिका सार्वजनिक गरेको छ । यस वर्षको एसईई परीक्षा चैत ७ देखि सुरु भएर चैत १९ गतेसम्म चल्नेछ । परीक्षा बिहान ८ देखि ११ बजेसम्म हुने बोर्डले जनाएको छ । बोर्डका अनुसार नियमित तथा ग्रेडवृद्धि दुवै समूहतर्फको परीक्षा एउटै तालिकाअनुसार एउटै समयमा हुनेछ । परीक्षा केन्द्रको जानकारी सम्बन्धित शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइबाट हुने बताइएको छ । प्राविधिक धारतर्फको परीक्षा शनिवार पनि सञ्चालन हुने भएको छ । पहिलोदिन अंग्रेजी, दोस्रो दिन नेपाली, तेस्रो दिन गणित, चौथो दिन विज्ञान विषयको परीक्षा हुनेछ । पाँचौं दिन सामाजिक, छैटौं दिन ऐच्छिक प्रथम, सातौं दिन ऐच्छिक द्वितीयपत्रका विषयको परीक्षा हुने कार्यतालिकामा उल्लेख छ । कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियमित सञ्चालन हुने बोर्डले जनाएको छ । २०७३ सालमा भएको शिक्षा ऐनको आठौं संशोधनले विद्यालयको संरचनामा परिवर्तन गरे पनि बोर्डले पुरानै ढाँचामा कक्षा १० को परीक्षा सञ्चालन गर्दै आएको छ । शिक्षा ऐनले विद्यालय शिक्षाको संरचना बदलेर साविकको एसएलसीको व्यवस्थालाई परिवर्तन गरेको थियो । विद्यालयको अन्तिमपरीक्षा कक्षा १२ मा हुने ब्यवस्था छ । ऐनको दफा ४ (ट) को उपदफा १ मा माध्यमिक शिक्षाको कक्षा १० र माध्यमिक तहको अन्त्यमा हुने परीक्षा, बोर्डबाट सञ्चालन हुने र उपदफा २ मा कक्षा १० को अन्त्यमा हुने परीक्षा क्षेत्रीयस्तरमा सञ्चालन हुने उल्लेख छ । तर, संरचना निर्माण गर्न शिक्षा मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्वका अधिकारीहरु ईच्छुक नहुँदा परीक्षाको शैली पुरानै निरन्तर छ । विद्यालय तहको अन्तिम परीक्षा कक्षा १२ मा गर्ने गरी २३ वर्षअघि नै तत्कालीन शिक्षामन्त्री देवीप्रसाद ओझाको अध्यक्षतामा गठित उच्चस्तरीय आयोगले सिफारिस गरेको थियो । यो सिफारिसमा एसएलसी परीक्षा क्रमशः क्षेत्रीय तहमा गर्न सुझाव दिइएको थियो ।

शिक्षा ऐनको ८ औं संशोधनले परीक्षाबारे नयाँ व्यवस्था गर्दा पनि सरकारी संयन्त्र कार्यान्वनयमा गम्भिर नदेखिनु विडम्वना मानिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुपले विद्यार्थीले विद्यालय शिक्षा पूरा गरिसकेपछि थुप्रै सक्षमता हासिल गर्ने खालको भयो वा भएन ? भनेर हेर्ने गरेको छ । श्रमप्रति सम्मान, जिम्मेवार नागरिक, सामाजीकरणमा सहयोग गर्ने, दैनिकजीवनका समस्या समाधान गर्नेजस्ता सक्षमता भएको विद्यार्थी तयार गर्ने पा्यक्रम प्रारुपको उद्देश्य हो । सोही अनुसार विद्यार्थीलाई जोड्नुपर्ने भएकाले घरायसी कामको आधारमा परियोजना कार्यको अंक दिने व्यवस्था गरिएको छ । अहिले कक्षा ३ सम्म सतप्रतिशत नै निरन्तर आन्तरिक मूल्यांकन हुने भनेको छ । कतिपय विद्यालयले निरन्तर आन्तरिक मूल्यांकन नगरी परीक्षा पनि लिने गरेका छन् । परीक्षा प्रणालीमा एकरुपता आउन सकेको छैन । त्यस्तै ४ देखि ८ सम्म ५० प्रतिशत आन्तरिक मूल्यांकन हुन्छ भने कक्षा ९ देखि १२ सम्म २५ प्रतिशत आन्तरिक मूल्यांकन हुने व्यवस्था छ । अहिलेसम्म विद्यार्थीले गरेको प्रोजेक्ट वर्कका आधारमा आन्तरिक मूल्यांकन हुँदै आएको छ । त्यसका लागि मापदण्ड अनुसार नै नम्बर दिने गरिएको विद्यालयहरुले जानकारी दिएका छन् ।

## सन्दर्भ भूकम्प दिवस :
# भूकम्पले क्षतविक्षत हाम्रो मन



✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

पङ्क्ति तयार भइरहँदा चीन-नेपाल सिमाना तिब्बतमा भएको ७ म्याग्निच्युडको भूकम्पले तिब्बत क्षेत्र त क्षतविक्षत भयो नै । हामी पनि हल्लियौं, ठूलै त्रास अझै बाँकी छ र धेरैले भन्ने गरेका छन्, यस्तो भूकम्प फेरि आउन सक्छ र नेपालको पश्चिम क्षेत्रमा यो डर बढी छ । हरेक वर्ष माघ २ गतेलाई हामी भूकम्प सुरक्षा दिवसको रुपमा मनाउँदै छौं । ९० सालको महाभूकम्प कस्तो थियो । ९ वर्षअघि ७२ को भूकम्प त प्रत्यक्षः अनुभूति नै भइहाल्यो । २०७२ वैशाख १२, शनिबारको भूकम्पको सम्झना नगर्ने नेपालीहरु कोही भएनन्, विदेशीहरु पनि । उद्धारकै क्रममा पनि छिमेकी मुलुक भारतले करिब ६ घण्टा नबित्दै राजधानी काठमाडौंमा आफ्नो उपस्थिति जनायो। ९० सालको भूकम्पपछिको ठूलो र कहाली लाग्दो विनाशकारी भूकम्प ७.६ रेक्टर स्केलको भनियो, लगातार ५२ सेकेन्डभन्दा बढी कम्पन भएको यस भूकम्पले राजधानीलाई सर्लक्कै निल्न लागेको थियो।

राजधानीमा गगनचुम्बी महलहरु निर्माण गर्दा प्राविधिक दृष्टिकोण राखिएन, माटो परीक्षण गरिएन, घर, भवन बनाउँदा आधार भूत विषयहरु पानी, विद्युत्, सडक, खुल्ला स्थान, निर्माण सामग्रीको परीक्षण कुनै कुरामा ध्यान दिइएन । विपद्का बेला आकस्मिक सेवा एम्बुलेन्स, दमकलको आवागमन, फायर फाइटिङ इक्विपमेन्टतर्फ कुनै ध्यान दिइएन । छतमा राख्ने पानी ट्यांकी, घर भवनको उचाइ, जगअनुसारको सन्तुलित वजनबारे पनि सोचिएन । सबैतिर भार सन्तुलन पद्धतिलाई होस गरिएन । त्यसपछिका दिनहरुमा राजधानीको खुल्ला क्षेत्र टुँडिखेल अतिक्रमणको मारमा पर्न गयो, काठमाडौंमा बसपार्कको अभाव छ । कुनै कुरामा हाम्रो पूर्वयोजना छैन र अहिले पनि काठमाडौं महानगरका गल्लीहरु खुलेका छैनन्, बिरामीका लागि, एम्बुलेन्स, आपत्मा दमकल, पानी ट्यांकी र फोहोरका गाडी नपुग्ने स्थानहरु धेरै छन् ।

निर्माणकर्तालाई यसबारे चेतना र कुनै तालिम दिइएन, नेपाली शैलीका घर, नेपालीपनका भवनहरुबाटै जिन्दगी राम्ररी चल्छ भन्ने कुराहरु कसैले बुझेन, अमेरिकाका कैयन स्थानमा स-साना घरहरु छन्, सबैतिर सुविधा छ, पूर्वाधारको । हाम्रो सरकारले राजस्वतिर मात्र ध्यान दियो, प्रविधि र डिजाइन, अध्ययन र अनुसन्धानतिर ध्यान दिएन । दुबईमा समुद्रभित्रै सयौं तला घरहरु बन्न सक्छन् भनेकै भरमा, काठमाडौंमा विदेशी शैलीको नक्कल गरियो । गोंगबुजस्तो उब्जनीको उर्वर अनि अत्यन्त हिलो र कमलो माटो ३ दशकअघिसम्मको अवस्थालाई मध्यनजर गरिएन। लगानीकर्ताहरुले पनि कत्ति होस पुऱ्याएको पाइएन । फलतः धेरैको ज्यान गयो भने आँकलन नै गर्न नसकिने भौतिक संरचनाहरु ध्वस्त भई अपूरणीय क्षति भयो, पुनर्निर्माणमा यसको मूल्य थप चर्को भयो । २०७२ वैशाख १२ को प्रलयकारी भूकम्पले हाम्रो आर्थिक विकासलाई ठाडै चुनौती दियो भने राजधानीबासीहरु दिनरात खुल्ला आकाशमुनि रहे । भूकम्पले ८ हजार बढी मानिसलाई त सर्लक्कै निल्यो नै तर बाँचेकाहरुको हालत मरणको भन्दा कम भएन । नेपाल भूकम्पीय जोखिम क्षेत्रमा छ तर खुला जमिन कतै बाँकी छैन।

शनिबार सार्वजनिक बिदा, मौसम अनुकूल, मध्याह्नको समय भएकाले २०७२ को भूकम्पमा मानवीय क्षति कम भयो। लाइफ लाइनहरु बिग्रेनन्, अन्तर्राष्ट्रिय विमानस्थल, ठूला भनिएका राजमार्गहरु, अस्पताल भवनहरु, विद्युत् प्रसारण लाइनहरु, टेलिफोनका ठूला टावरहरु, खानेपानीका ठूला लाइनहरु, विद्युत्का ठूला जलाशयहरु फुटेका, भत्केका भए हाम्रो हालत के हुने थियो ? सो भूकम्पले हाम्रा बालकालिकाहरु धेरै जोगिए, विद्यालयहरु बन्द भएको कारण । तर पनि मनोवैज्ञानिक असर धेरै परेको छ अहिलेसम्म, कारण त्यसपछिको लगत्तै वैशाख २९ गतेको भूकम्पले पनि धेरैको ज्यान लियो, करोडौं सम्पत्तिको क्षति भयो । त्यसपछि हालसम्म सयौं पराकम्पहरु भई नै रहेका छन्।

विदेशमा भूकम्पमा के गर्ने भनी सिकाइएको हुन्छ । यस्तो कार्यमा प्रधानमन्त्रीदेखि आम नागरिक बाल, वृद्ध सबैलाई सहभागी गराइन्छ । नयाँ भवनमा कसैको प्रवेशपूर्व नै आगलागी, भूकम्प वा आपतकालीन अवस्थामा भाग्ने इस्केप रुटबारे सूचना दिइन्छ, रुटहरुबारे जानकारी गराइन्छ । आपत्का बेला घर, विद्यालय, सपिङ सेन्टर, मलहरुमा भाग्ने बाटो पहिले नै तय गरिएको हुन्छ । घरेलु सामानको कोठामा सजावट गर्दा पनि यसको पूर्ण तयारी तालिम दिइएको हुन्छ तर हाम्रो अवस्था यस्तो रहेन र अझै छैन। ठूला भवनदेखि धरहरा चढेकाले समेत निमेषभरमै ज्यान गुमाए। भूकम्पको स्केल कम हुँदैमा क्षति कम हुन्छ भन्ने पनि होइन। सन् २०१० मा हाइटीमा गएको ७ रेक्टर स्केलको भूकम्पले अढाइ लाख मान्छेलाई निलेको थियो। काठमाडौं उपत्यकाको भूमिसतहभन्दा ५ सय मिटर तलसम्म माटो र बालुवा छ, त्यसमुनि चट्टान छ।

चट्टानमा आउने कम्पनभन्दा माटोबालुवामा १० गुणा बढी कम्पन हुन्छ, तरंग बढ्छ । त्यसैले काठमाडौं भूकम्पको दृष्टिले बढी जोखिममा छ। अनियन्त्रित र अव्यवस्थित बसोबासले भूसतहको पानीलाई जबर्जस्ती निकाल्ने गर्नाले काठमाडौं उपत्यकालाई थप कमजोर बनाएको छ । यता भारतसमेत भूकम्पको जोखिममा छ । जमिन सतहमुनि रहेको भारतीय प्लेट प्रतिवर्ष उत्तरतिर दुई से.मि.ले धकेलिर हने गर्नाले हिमालको फेदीमा बढी शक्ति सञ्चय हुने गरेको र त्यो शक्ति चट्टानले थेग्न नसकेपछि चट्टान काटेर ऊर्जा तरंगित हुँदा कसैले नसोचेको कम्पन महसुस हुने गर्छ, काठमाडौंमा त्यही भयो । नेपाली भूभागमध्ये चुरेक्षेत्रको १७० कि.मि. पूर्वी-पश्चिम भाग नसर्ने तर दक्षिणतिरबाट धकेलिर हने गर्दा उत्तरतिरको युरोसियन तिब्बती प्लेटसँग ठक्कर खाँदा हामीकहाँ भूकम्प हुने, कहाली लाग्दो र बिर्सनै नसक्ने त्यो वैशाख १२ र २९ कालो दिनको अनुभूति गरिरहनुपरेको छ । पछिका पराकम्पनहरुले पनि तर्साउन छोडेका छैनन्।

सन् १९६० मे २२, स्थानीय समय दिवा ३:१५ बजे । ९.५ रेक्टर स्केलको भूकम्प जसलाई ग्रेट चिली भूकम्पले चिनिन्छ, भूकम्प करिब १० मिनेटको । विश्वकै ठूलो भूकम्प, २५ मिट सम्मको छाल उठेको, विशाल सुनामी, चिलीमा गम्भीर असर परेको बेला हो, धक्का फिलिपिन्ससम्म, मृतक ६ हजारसम्मको अनुमान छ। अर्को भूकम्प ग्रेट अलास्का । ९.२ रेक्टर स्केलको थियो, सन् १९६४, गुड फ्राइडे भूकम्प, मार्च २७ शुक्रबार, करिब ८.२ मिटरको सुनामी आएको बेला हो, १३१ जनालाई सलक्कै निलेको क्षण । सुमात्रा भूकम्प, सन् २००४, २६ डिसेम्बर, हिन्द महासागरको भूकम्प, ३० मि. अग्लो सुनामी, ९.१ रेक्टर स्केलको, २५ हजारको ज्यान लिएको, भूकम्पको ऊर्जा क्षमता हिरोसिमामा प्रहार भएको बमभन्दा १५ सय गुणाले बढी थियो।

भूकम्पपछिको सुनामीपछि यसलाई हिन्द महासागर, दक्षिण एसियाली सुनामी, इन्डोनेसियाली र क्रिस्मस सुनामी नाम दिइयो । अर्को भूकम्प तोहोकु भूकम्प सन् २०११ को रेक्टर स्केल ९.१ को, जापानको तटीय क्षेत्रको, मार्च ११ को, साढे ४० मि. माथि छाल उठेको, सबैभन्दा घातक भूकम्प, उत्तरपूर्वी जापानमा व्यापक क्षति भएको थियो । सडक, रेलमार्ग, विकासका तमाम संरचना ध्वस्त भएका थिए । डेढ लाख घरको क्षति, थुप्रै आणविक भट्टीहरु पनि । ९ हजार ८९४ जनाको अवसान, ६ हजार १५२ घाइते र २ हजार ५६२ बेपत्ता भएका थिए । अर्को रुसको सुदूर पूर्वको काकचटमा, सन् १९५२ नोभेम्बर ४ को, ९ रेक्टर स्केलको, १५ मि. उचाइसम्म छाल उठेको, करिब १५ हजारको ज्यान गएको थियो ।

सन् २०११ को हाइटीको भूकम्प संसारको दोस्रो सबैभन्दा घातक थियो। पहिलेको भन्दा दोब्बरले ज्यान गुमाएको अवस्था रह्यो, चीनको ९७ बढी काउन्टी प्रभावित, केही काउन्टीमा ६० प्रतिशत जनता स्वाहा भएको । यति बेला ठूला चट्टानका गुफाभित्र बस्थे मान्छेहरु, ढुंगे युगमा प्रवेश गरेझैं। चट्टान भत्कँदा पनि मान्छे मरेका थिए। ८ रेक्टर स्केलको यो भूकम्पलाई इतिहासकै घातक भनियो । सन् २०१० जनवरी १२ मा, ७ रेक्टरको भूकम्प हाइटीकै हो, १२ दिनसम्म ५२ पल्टसम्म पराकम्प भइरहेको, करिब ३० लाख मानिस प्रभावित भएका र मर्नेहरुको संख्या ३ लाख १६ हजारको रह्यो । इस्वी ११५, डिसेम्बर १३ टर्कीको भूकम्प ७.५ रेक्टर स्केलको, जसमा रोमन सम्राट ट्राजनसहित २ लाख ६० हजार मरेका थिए । बाँच्नेहरु खान नपाएर मरे भोकले कैयन । इस्वी ५०५ को अर्को भूकम्प जसलाई एन्टाक्या भूकम्प भनियो, ७ रेक्टर स्केलको रह्यो भने डेढ वर्षसम्म पराकम्प भइरह्यो, जसमा २ लाख २० हजारको ज्यान गएको थियो, भूकम्पपछि आगलागी र आँधीबेहरीले स्तभ्ध बनाएको थियो । अर्को भूकम्प सन् १७७६ को ताइवानको भूकम्प, ७.६ रेक्टर स्केलको, जसमा ३ लाख ४२ हजार ७६९ को मृत्यु र १ लाख ६४ हजार ८५१ मानिस घाइते भए ।

हो, भूकम्पको घाउ पुरिन अझै धेरै समय लाग्छ । सम्पूर्ण आर्थिक संरचनाको तहसनहस भएको हो । ९० सालको भूकम्पमा जम्माजम्मी ३ लाख १५ हजारको जनसंख्यामा मर्नेहरुको संख्या ४ हजार २ सय ९६ थियो । संवत् १३१० देखि नेपालमा भूकम्पको अभिलेख छ, यति बेलाको भूकम्पमा काठमाडौंमा रहेका एक तिहाइ मानिसको मृत्यु भएको र सँगै राजा अभय मल्ल पनि मरेका थिए। त्यसपछि केवल ६ वर्षको अन्तरालमा आएको भूकम्पले काठमाडौंको हजारौं पुरातात्विक भवनहरु ध्वस्त भएका थिए । त्यसपछि संवत् १४६३ अर्थात् झन्डै डेढ सय वर्षपछि मात्र भूकम्प आउँदा काठमाडौंका थुप्रै संरचनाहरु ध्वस्त भई सहकालका देवता रातो मच्छेन्द्रनाथको मन्दिर ध्वस्त भएको थियो।

त्यसपछि झन्डै पौने एक शताब्दीपछि श्रीनिवास मल्लको पालामा आएको भूकम्पले पनि काठमाडौंमा व्यापक क्षति भएकै हो। त्यसपछि झन्डै सवा सय वर्षपछि संवत् १८६६ मा आएको भूकम्प गीर्वाणयुद्धको पालामा आएको र ठूलै क्षति पुऱ्याएको थियो। त्यसपछिको भूकम्प १४ वर्षपछि संवत् १८८० मा आएको, ठीक-ठीक १० वर्षपछि संवत् १८९० मा राजेन्द्र विक्रमको पालामा भूकम्प आउँदा १८ हजार घर ध्वस्त भएका थिए। ९० को भूकम्प संखुवासभालाई केन्द्रविन्दु बनाई आएको सो भूकम्पले ८ हजार ५१९ व्यक्तिलाई निलेको, ८० हजार ८९३ घर ध्वस्त भएको, १ लाख २६ हजार ३५५ घरमा आंशिक क्षति पुगेको थियो।

२०७२ वैशाख १२ को महाभूकम्पको इपिसेन्टर गोर्खाको बारपाक थियो भने ठीक १ दिनपछि १३ गते आएको ठूलै भूकम्पको भने लमजुङ । दुवै भूकम्पका कारण गोर्खा, लमजुङ, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकलाई क्षतविक्षत बनायो । पोहोर कार्तिक १७, मध्यरातको समय, जाजरकोटमा ६.७ रेक्टर स्केलको, पराकम्प धेरै भइरहे । ३ दिनपछि ५.८ रेक्टर स्केलको भूकम्प फेरि आयो । जाजरकोट र रुकुम गरी १५३ जना मरे, ८३ जना बालबालिका नै परे । जाजरकोटको नलगाढ धेरै प्रभावित बन्यो भने १७ महिला, १० पुरुष, १५ बालक, ९ बालिका बिते भने रुकुम पश्चिममा २८ बालबालिका परे । हामी भूकम्प दिवस मनाउँछौं तर सचेतना र त्यसविरुद्धको तयारी भएजस्तो लाग्दैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# अहिलेको सन्दर्भमा समाजवादको सही बाटो कसरी पहिल्याउने ?

✍ सुरेन्द्र पाण्डे

मार्क्सका अनुसार समाजमा दुई प्रकारका वर्ग हुन्छन्- एउटा सर्वहारा वर्ग र अर्को पुँजीपति वर्ग । एउटा उत्पादन गर्ने वा भनौं पुँजीपति वर्ग, जसले श्रमिकको उत्पादनलाई बेचेर मुनाफा खान्छ । अर्कोचाहिँ उत्पादनमा संलग्न भएर पनि वितरणमा कुनै भूमिका नहुने सर्वहारा वर्ग । तर मार्क्सदेखि यहाँसम्म आइपुग्दा संसारमा उनकै विचारलाई आधार मानेर धेरैले उत्पादनको आधारमा मात्र वर्ग निर्धारण हुन्छ भनेर व्याख्या-विश्लेषण गरेका छन् । यसलाई धेरै अगाडिदेखि नै कतिपय अर्थशास्त्री, खासगरी निओ अर्थशास्त्रीले खण्डन गर्दै आए ।

अहिले संसार कहाँ छ भनेर हेर्नुपर्छ । विश्व व्यवस्थामा मार्क्सले चर्चा गरेको समय सन् १८४८ बाट यता आउँदा झण्डै २ सय वर्ष गुज्रेको छ । मार्क्सले त्यति बेला भौतिक अवस्था अनुसार जे देखे, त्यही अनुसार लेखे । उनी आजको संसारमा भइदिएको भए कयौं अमिल्दा कुरा लेख्दैन थिए । जस्तो कि, उनले समाजमा दुई वटा वर्गको कुरा गरेका छन् । अहिलेको सन्दर्भमा उत्पादनको आधारमा मात्र वर्ग निर्धारण हुँदैन । वर्ग निर्धारण गर्ने फ्याक्टर अरू पनि हुन्छन् । उदाहरणका लागि विनिमय बजार । एउटाले उत्पादन गर्छ, वितरण गर्न अरू नै आउँछन् । उपभोक्तासम्म पुग्दा उत्पादकले भन्दा बिचको वितरकले धेरै मुनाफा खान्छ । त्यसलाई के वर्ग भन्ने ? जो उत्पादक होइन, जसले प्रत्यक्ष श्रमको शोषण पनि गर्दैन । तर उत्पादकले भन्दा बढी मुनाफा गर्छ भने त्यसलाई कुन वर्ग भन्ने ? यो प्रश्न मार्क्सले त्यति बेला देखेका थिएनन् ।

त्यति बेला धेरै मानिस म्यानुफ्याक्चर उद्योगमा आवद्ध थिए । दैनिक १६/१७ घण्टासम्म काम गर्नुपर्ने र पुँजीपतिले श्रमिकको श्रम बेचेर मुनाफा खाने गर्थे । अत्यधिक मुनाफा म्यानुफ्याक्चरिङ उद्योगीको हातमा जाने कुरालाई त्यतिबेलाको ज्वलन्त समस्या देखेर नै मार्क्सले समाजमा कि त पुँजीपति, कि सर्वहारा वर्ग हुन्छन् भनेर लेखिएको हो । समाजमा यही ध्रुवीकरण बढ्दै श्रमिकको कोटीमा या पुँजीपतिको कोटीमा रूपान्तरित हुन्छ भन्ने परिकल्पना उनले गरेका थिए । यहाँसम्म आइपुग्दा मार्क्सले चित्रण गरेजस्तो अवस्था देखा परेन ।

दोस्रो, उत्पादनको आधारमा मात्र मार्क्सले व्याख्या गरे । वितरणको बिचमा विनिमय गरेर आर्जन गर्ने अर्को वर्ग हुन्छ, जो उत्पादनसँग सम्बन्ध राख्दैन । यसमा मार्क्सले व्याख्या गरेन वा देखेनन् । त्यति बेला यस्ता पुँजीपतिहरूको उदय भइसकेको थिएन ।

मार्क्सले देख्न नसकेको अर्को कुरा भनेको समाजमा सत्ताले वर्ग सिर्जना गर्छ कि गर्दैन ? यसतर्फ उनले परिकल्पना गरेनन् । श्रमिकहरू सधैं पीडितमात्रै हुन्छन् भन्ने आधारमा उनले व्याख्या गरे । श्रमिकको हातमा कुनै पनि उत्पादनको साधन हुँदैन भनेर व्याख्या गरे । तर यी श्रमिकले कुनै सत्ता लिए भने, सत्ता लिएको श्रमिकको हातमा राजनीतिक शक्ति हुँदा तल भएका श्रमिक काम नगरी धनी हुन्छन् कि हुँदैनन् ? जस्तैः अहिले राजनीतिक दलका नेताहरूले उत्पादनका कुनै कारखाना खोलेका छैनन् । कुनै पनि उत्पादनको साधनसँग जोडिएका छैनन् । तर हरेक राजनीतिक परिवर्तनमा लागेका राजनीतिक दलहरूका कार्यकर्ता वा स्वयं कम्युनिस्टहरू सत्ताको प्रयोगबाट धनी भएका छन् कि छैनन् ? यसलाई कसरी हेरिन्छ ? यो वर्ग होइन ? शक्तिहीनले पनि सत्ता निर्माण गर्दो रहेछ । आवाजविहीनले सत्ता निर्माण गर्दो रहेछ । विनिमयबाट पनि मुनाफा खाँदो रहेछ । उत्पादकले पनि नाफा खाँदो रहेछ । यसकारण विभिन्न हिसाबले वर्ग बन्दोरहेछ भन्ने मार्क्सले देखेनन् । केवल एउटा कुरालाई उनले व्याख्या गरे ।

चौथो, त्यति बेला मार्क्सले देख्न नसकेको शिक्षाको विकास होला । पुँजीवादी मुलुकमा पनि मजदुरको आन्दोलनले नीतिमा परिवर्तन होला । आम नागरिकको प्रभाव, पहुँच बढ्दै जान्छ, उनीहरूलाई उत्पादन गरेर खाने एउटा क्षमता पैदा हुन्छ । त्यसले उनीहरूको वर्ग हैसियतमा परिवर्तन आउँछ भन्ने कुरा मार्क्सले देखेनन् । उनले माथिका वर्ग तल झर्छन् भन्ने मात्र देखे । तलका माथि जान्छन् भन्ने परिकल्पना नै गरेनन् । यस्ता खालको पृष्ठभूमि बेगर समाजवाद के हुन्छ होला ? समाजको रूपान्तरण कसरी हुन्छ होला भनेर परिकल्पना गर्नुभयो भने बढी यान्त्रिक र एकपाखे वा अहिलेको वस्तुगत अवस्थाको मूल्याङ्कन नगरेर बन्द कोठामा बसेर समाजवाद र साम्यवादको गफ गरेजस्तो हुन्छ ।

त्यसकरण सबैभन्दा पहिला समाजको रूपान्तरण कसरी भइरहेको छ ? समाजमा कस्ता-कस्ता वर्ग सिर्जना भइराखेका छन् । वर्ग भनेको आफैंमा पनि प्रक्रिया रहेछ, स्थिर कुरा होइन रहेछ । वर्ग परिवर्तनशील विषय रहेछ । हिजो सामन्तवादी, पञ्चायत वा राजा सरकारमा थियो । शक्तिको कारणले आर्जन गर्थ्यो । हामीले सम्पूर्ण रूपमा वर्ग दुस्मन किटान गऱ्यौं । आन्दोलनले उसलाई सडकमा फालिदियौं । मानौं, त्यतिबेलाका विपक्षी दलहरूले पञ्चलाई दुस्मन करार गरेको थियो । आन्दोलनबाट दलहरू सत्तामा पुगे, पञ्च सडकमा पुग्यो ।

अब सत्तासीन वर्ग को हो ? उनीहरूको अवस्था नाजुक छ कि छैन ? ती नाजुकसँग लड्न खोजेको हो कि शक्तिसँग लड्न खोजेको हो ? यी सबै कुराको ख्याल गरेर वर्गहरू परिवर्तनशील कुरा रहेछ, पावर, उत्पादनका साधनमाथिका पहुँच, बिक्री तथा व्यापारिक सम्बन्धको कारणले, सामाजिक हैसियतको कारणले वर्गहरू परिवर्तन हुन्छन् । अझ उपभोगका कारणले पनि वर्ग परिवर्तन हुन्छन् । कोही मानिस अत्यधिक सुखसयलमा बस्छन् तर उत्पादन छैन ।

कम्युनिस्ट पार्टी वा सडकबाट दुःख पाएर आएको मान्छे तर सत्तामा पुगेर ती कुरालाई छोडिदियो भन्ने भयङ्कर प्रश्न अहिले उठिरहेको छ । यो प्रश्नको उत्तर नखोजी समाजवादको उत्तर खोज्न सकिँदैन ।

वर्ग स्थिर, एकै ठाउँमा अडिने कुरा होइन । वर्ग परिवर्तनशील कुरा रहेछ । विभिन्न फ्याक्टरले वर्ग परिवर्तन हुन्छ भन्ने कुरा स्वीकार गर्नुपर्छ । त्यसभित्र श्रमिक र सुखभोग गर्ने को हुन् भन्ने कुरा सीमा निर्धारण गर्नुपर्छ । त्यसपछि मात्र पार्टीले श्रमिक, मजदुर, किसान वर्गप्रति लिने नीति समाजवादउन्मुख भन्न सकिन्छ । त्यसैले यी कुराको नयाँ किटानी गर्न जरुरी छ । त्यसपछिमात्र समाजवादका आधारभूत कुरामा प्रवेश गर्न सकिन्छ ।

**अब कम्युनिस्ट पार्टी कस्तो हुनुपर्छ ?**

कम्युनिस्ट पार्टी क्याडर बेस्ड बनाउने कि मास बेस्ड बनाउने अर्को पाटो हो । तर यी दुवै कुरा आजको आवश्यकता हो । पहिलो कुरा क्याडर र मास कसरी बन्छ भन्ने बुझ्न जरुरी छ । क्रान्ति दुई प्रकारले हुन्छ । क्रान्ति बलजफती एउटा ठुलो सामाजिक रुपान्तरणको धक्का दिएर पनि हुन्छ । अर्को, सामाजिक रूपान्तरण र 'इभोलुसन' बाट पनि हुन्छ । मार्क्सले 'इभोलुसन'बाट सामाजिक रूपान्तरण हुँदैन भनेका छन् र ? 'त्यो लामो, बडो झन्झटिलो, प्रतीक्षा गर्न कठिन हुन्छ तर क्रान्तिले धक्का दिएर ड्याम्मै ढाल्छ ।

त्यसकारण हामीले क्रान्तिको बाटो लिएको' भनेका छन् । सकिन्छ भने 'इभोलुसन'बाट नोक्सान नगरी जाने हो । यो बाटो रक्तपातपूर्ण पनि हुँदैन भनेर मार्क्सले भनेका छन् । क्रान्ति गर्ने हो भने क्याडर चाहियो । 'इभोलुसन'मा जाने हो भने सबै मानिस उत्पादनमा सरिक हुनुपऱ्यो । अहिलेका कम्युनिस्ट पार्टीका कार्यकर्ताहरू बलजफती सत्ता लिने ठाउँमा छन् त ? चुनाव गरेर जाने होइन ? चुनाव गरेर जाने भए क्याडर चाहिन्छ कि भोट चाहिन्छ ? मास चाहिएन ? कुन बाटो हिँड्ने भन्ने प्रश्नको उत्तर यिनै प्रश्नबाट पाउन सकिन्छ । कागजमा के लेखेको छ, त्यसलाई छोडिदिए हुन्छ ।

*(साभार: रातोपाटी)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ ४ गते शुक्रबार १७ जनवरी २०२५ । चतुर्थी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:३१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आलोचनामा वृद्धि | **तुला** | : मान्यजनबाट विवाद |
| **वृष** | : यात्रामा अवरोध | **वृश्चिक** | : अहमपनले कार्यमा हानि |
| **मिथुन** | : व्यवसायमा सफलता | **धनु** | : शत्रु नाश |
| **कर्कट** | : मान हानिले खिन्नता | **मकर** | : परिवारमा कलह |
| **सिंह** | : धर्मकार्यमा खर्च | **कुम्भ** | : रोग नाश |
| **कन्या** | : न्यायिक कार्यमा सफलता | **मीन** | : अशुभ समाचार सुन्नुपर्ने |

# रविबारे काठमाडौंमा पनि कास्कीकै जस्तो आदेश- 'कसुरदार छैनन् भन्न सकिएन'



काठमाडौं/रवि लामिछानेलाई कास्की अदालतले सूर्यदर्शन सहकारी ठगी प्रकरणमा 'कसुरदार' ठहऱ्याउँदै बिहीबार ६५ लाख धरौटी मागेको थियो । कालिमाटीको स्वर्णलक्ष्मी ठगीमा पनि सोही प्रकृतिको आदेश गर्दै बुधबार ६० लाख धरौटी मागेको छ । स्वर्णलक्ष्मी सहकारीमा बचतकर्ताले राखेको १ अर्ब १९ करोड रुपैयाँ अनियमितता प्रकरणमा रास्वपा सभापति लामिछाने 'कसुरदार छैनन् भन्न सकिएन' भन्दै धरौटीमा छाड्न काठमाडौं जिल्ला अदालतले आदेश दिएको हो ।

जिल्ला अदालत, काठमाडौंका न्यायाधीश माधवप्रसाद अधिकारीले आदेश गरेसँगै त्यस बराबरको बैंक ग्यारेन्टी बुझाएर लामिछाने हिरासतमुक्त भए । पोखरामा पनि उनी बैंक जमानत बुझाएर छुटेका थिए । सभापति लामिछानेले बुधबार छुटेपछि न्यायालयलाई धन्यवाद दिएका छन् । 'न्याय प्रक्रियालाई सघाउन आएको भनेको थिएँ । अदालतप्रति एकदमै सम्मान व्यक्त गर्न चाहन्छु', उनले भनेका छन्, 'न्यायप्रेमी जनतालाई धन्यवाद दिन चाहन्छु ।'

अदालतमा दिएको बयानका क्रममा समेत लामिछानेले आफू निर्दोष रहेको जिकिर गरेका थिए । तर, अदालतले 'लामिछाने कसुरदार छैनन् भन्न सकिने आधार नरहेको' भन्दै उनलाई ६० लाख रुपैयाँ धरौटी लिएर तारेखमा छाड्न भनेको छ । लामिछानेले सहकारीको रकम अनियमिततामा आफ्नो संलग्नता नरहेको भन्दै गरेको इन्कारी बयानलाई अदालतले नोट गरेको छ ।

तर, रवि लामिछाने र गितेन्द्रबाबु राईको नाममा ऋण खाता खोली गाडी खरिद गर्न ऋण लिएको र स्वर्णलक्ष्मी सहकारीमा लामिछानेको हस्ताक्षरबाट काटिएको चेकबाट ९० लाख १६ हजार ६६० रुपैयाँ तिरेको देखिएकाले उनी अहिले नै कसुरदार होइनन् भन्न सक्ने अवस्था नदेखिएको भनेको छ । अदालतले लामिछाने कसुरदार होइनन् भन्न नसकिनुका पछाडि अन्य आधारहरु पनि उल्लेख गरेको छ ।

लामिछाने र राईले ४६ लाख ९८ हजार रुपैयाँ 'फोर ह्वीलर' र ४६ लाख ४८ हजार रुपैयाँ 'इको सेभेन सिटर भ्यान'का लागि ऋण लिएको अनुसन्धानबाट देखिएको थियो । 'गोर्खा मिडिया नेटवर्क प्रा. लि. को खाताबाट प्रतिवादी रवि लामिछानेको एकल हस्ताक्षरबाट समेत विभिन्न व्यक्तिका नाममा रकम भुक्तानी भएको देखिंदा अहिले नै प्रतिवादी रवि लामिछाने- प्रस्तुत वारदातमा कसूरदार होईनन् भन्न सक्ने अवस्था' नदेखिएको आदेशमा भनिएको छ ।

लामिछानेविरुद्ध पोखरा, काठमाडौंबाहेक रुपन्देही, चितवन र पर्सामा पनि अनुसन्धान जारी छ । पोखरा र काठमाडौंबाट छुट्ने अवस्थामा अन्यत्र बुझाइदिनु पर्ने भन्दै सरकारी वकिलले माग गरेका थिए । तर, लामिछानेमाथि राज्य संयन्त्रले प्रतिशोध साध्न खोजेको आरोप लाग्न थालेपछि गृह प्रशासनले आफैं अदालतमा हाजिर हुने सुविधा दिएको थियो ।

'कास्कीमा बाहिरै रहेर अदालतमा उपस्थित हुन दिइएकाले काठमाडौंमा पनि त्यही नीति अपनाइएको हो', नेपाल प्रहरीका एक उच्च अधिकृतले भने, 'उहाँ आफैं कानूनको सम्मान गर्दै अन्यत्र पनि हाजिर हुनु हुनेछ भन्ने विश्वास लिएका छौं ।'

रविविरुद्ध इलाका प्रहरी कार्यालय, बुटवलले सुप्रिम सहकारी प्रकरणमा अनुसन्धान गरेर राय सहितको प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाइसकेको छ । प्रहरीले लामिछानेविरुद्ध चार करोड रुपैयाँभन्दा बढी बिगो मागदाबी गर्नुपर्ने राय पेश गरेको थियो । यो मामलामा प्रहरीले रुपन्देही अदालतमा मुद्दा दायर गर्ने तयारी गरिरहेको छ ।

**अदालतमा रविको जिकिर - निर्दोष छु**

सहकारीको रकम गोरखा मिडियामा ल्याउने कुनै पनि प्रक्रियामा मेरो संलग्नता छैन । मिसिल संलग्न मलाई देखाइएको निवेदनको छायाँकपीमा भएको हस्ताक्षर र औँठाछाप मेरो हो तर कम्पनीमा जोडिँदा र कम्पनी छोड्दा मैले शेयर वापतको पैसा लगानी गरेको पनि होईन र लिएर गएको पनि होइन । गोरखा मिडिया नेटवर्कका लगानीकर्ता गितेन्द्रबाबु राई नै हुन् ।

लगानीकर्ताको निर्देशन विना र उल्लिखित प्रक्रियाविना मैले कम्पनीको चेक जारी गर्न सक्दैनथैं । छविलाल जोशी अधिकांश समय विदेश गएका थिए र गितेन्द्रबाबु राई अत्यन्तै व्यस्त थिए । म मात्र लेखाका कर्मचारीहरुले खोज्दा स्टेशनमा रहेको हुँदा मेरो हस्ताक्षर लिन उनीहरुलाई सहजता थियो । त्यसकारण सहजकर्ता रुपमा मात्रै मैले चेकहरु हस्ताक्षर गरेको हुँ ।

व्यक्तिगत रुपमा गितेन्द्र बाबु राईले उपलब्ध गराएको ऋण नै गोरखा मिडिया नेटवर्कले लिएको ऋण हो । मेरो कार्यकालमा गितेन्द्रबावु राईबाट लगभग २२ करोड ऋण आएको देखिन्छ । आफूले लिएको ऋण उनले को कोबाट र कहाँ कहाँबाट लिए त्यो मेरो जानकारीको विषय रहेन ।

लेखा सम्बन्धी कार्यको पूर्ण नियन्त्रण कार्यकारी अध्यक्ष गितेन्द्रबाबु राईको हुने भएकाले त्यसमा मैले केही सोच्नुपर्ने अवस्था थिएन । प्राविधिक रुपमा चेकमा सही गर्न मकहाँ चेकहरू ल्याइने भए पनि कम्पनीका लागनीकर्ताको मात्रै यसमा नियन्त्रण थियो । म प्रबन्ध निर्देशक रहेको अवधिभर गोरखा मिडिया नेटवर्क प्रालिमा उल्लिखित स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी लगायत कुनै पनि सहकारीबाट रकम ल्याउने निर्णय भएको नहुँदा म निर्दोष छु ।

**अदालतको आदेश - कसुरदार छैनन् भन्न सकिएन**

प्रतिवादी रवि लामिछानेले अनुसन्धान अधिकारी र यस अदालत समक्षको वयानमा इन्कार रही बयान गरेतापनि यी प्रतिवादीहरु उपर किटानी जाहेरी दरखास्त रहेको देखिन्छ । यी प्रतिवादी रवि लामिछाने आफू गोर्खा नेटवर्क मिडिया प्रालि. को प्रबन्ध निर्देशक रहेको, गोर्खा मिडियाबाट शेयर खरिद गरी नलिएको, आफूलाई प्राप्त भएका शेयर स्वेट शेयर वापत पाएको हुँ भनी बयान गरेपनि गोर्खा मिडिया नेटवर्क प्रा.लि.का बिक्रीमा रहेको १,८०,००० थान शेयरमा लगानी गर्न इच्छा भएको निवेदन माग बमोजिम यस प्रा.लि.मा बिक्रीमा रहेको शेयर मध्ये १,८०,००० शेयर खरिद गर्न अनुमति पाउँ भनी निवेदन दिई शेयर लिएको देखिंदा निजले उक्त प्रा. लि. को शेयर खरिद गरि लिएको देखिई निज प्रतिवादी गोर्खा नेटवर्क मिडिया प्रा.लि.को शेयर होल्डर एवं प्रबन्धक निर्देशक समेत रहेको देखियो ।

प्रतिवादी रवि लामिछाने गोरखा नेटवर्क मिडिया प्रा. लि. मा शेयर होल्डर एवं प्रवन्ध निर्देशक हुनु भन्दा अघि नै प्रतिवादी रवि लामिछाने समेतको हस्ताक्षरबाट खाता सञ्चालन हुने गरी गोरखा नेटवर्क मिडिया प्रा.लि. को ग्लोबल आई.एम.ई. बैंकमा खाता खोली संचालनमा ल्याएको, निज प्रबन्ध निर्देशक भएको वेलामा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको सदस्य नरहेको गोरखा नेटवर्क मिडिया प्रा.लि.को सोही खातामा उक्त सहकारी संस्थाबाट रकम आएको देखियो ।

प्रतिवादीहरु रवि लामिछाने र गितेन्द्र बाबु राईको नाममा ऋण खाता खोली रु.४६,९८,०००/- र रु.४६,४८,०००/- लिएको, प्रतिवादी रवि लामिछानेको हस्ताक्षर बाट काटिएको चेकबाट रु९०,१६,६६०/- स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा ऋण भुक्तान गरेको, गोर्खा मिडिया नेटवर्क प्रा. लि. को खाताबाट प्रतिवादी रवि लामिछानेको एकल हस्ताक्षरबाट समेत विभिन्न व्यक्तिका नाममा रकम भुक्तानी भएको देखिंदा अहिले नै प्रतिवादी रवि लामिछाने- प्रस्तुत वारदातमा कसूरदार होइनन् भन्न सक्ने अवस्था नदेखिएको... ।'

*(स्रोत: अनलाइनखबर)*

# 'अञ्जिला'को 'डल्ले डल्ले खुर्सानी' गीत : दयाहाङ र मिरुना राजा-रानी



काठमाडौं/फागु पूर्णिमा (होली)को अवसर पारेर आगामी फागुन २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'अञ्जिला'को प्रचारात्मक गीतको रुपमा बुधबार युट्युबमार्फत् 'डल्ले डल्ले खुर्सानी' सार्वजनिक गरिएको छ । यसमा कीर्तिमानी नेपाली गीत 'कुटुमा कुटु' जोडीको पार्श्व गायन छ । अर्थात् राजनराज सिवाकोटी र मेलिना राईले स्वर दिएका छन् । गीतमा राजनराज स्वयंको शब्द तथा संगीत छ ।

कविराज गहतराजको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगर नृत्य गर्दै प्रस्तुत छन् । गीतले उनीहरुबीचको प्रेमलाई दर्शाउँछ । भिडियो हेर्दा निकै खर्चिलो देखिन्छ । दर्जनौंको संख्यामा कोरस छन् भने पहिरन र प्रप्समा पनि ठूलै खर्च गरिएको छ । भिडियोलाई राम कुमार केसीले खिचेका हुन् ।

मिलन चाम्सको निर्देशनमा तयार भएको 'अञ्जिला' महिला राष्ट्रिय फुटबल टिमकी कप्तान तथा गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवन संघर्षमा आधारित भएर बनेको हो । यसमा एञ्जिला स्वयंले आफ्नो भूमिका निर्वाह गरेकी छन् । निर्माता प्रेम कुमार श्रेष्ठले फिल्मबाट हुने कमाइले एञ्जिलाका लागि काठमाडौंमा घर बनाइदिने घोषणा गरिसकेका छन् ।

नेपाल प्रदर्शन अगावै यूके र हङकङमा प्रिमियर भइसकेको फिल्ममा दयाहाङ र एञ्जिलासहित सुनिल थापा, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, मञ्जु श्रेष्ठ, बुद्धि तामाङ लगायतको पनि अभिनय रहेको छ । फिल्मको सह-निर्माताहरूमा टुबेन्द्र लिम्बु, विनोद अग्रवाल र राजेश बगडिया छन् । फिल्मलाई सुदीप बरालले छायाङ्कन गरेका हुन् भने सम्पादन मिलन श्रेष्ठको रहेको छ ।

# 'कार्साङ'ले ६ दिनमा एक करोड ४५ लाख कमाएको दाबी




काठमाडौं/शेर्पा समुदायको धर्म र संस्कृतिमा आधारित भएर बनेको फिल्म 'कार्साङ'को ६ दिनको व्यापारिक आँकडा सार्वजनिक गरिएको छ । बुधबार निर्माण कम्पनी यार्सा फिल्म्सले जारी गरेको एक पोस्टरमा फिल्मको ६ दिनको ग्रस कमाइ १ करोड ४५ लाख उल्लेख छ । यसबाट निर्माताको हातमा बढीमा ५५-६० लाख पर्न सक्छ । 'स्टारकास्ट'को हिसाबले फिल्मको यो व्यापार अपेक्षाकृत होइन ।

'कार्साङ'ले सुखद् शोका बाबजुद पनि सुरुवाती व्यापार उत्साहजनक गर्न सकेन । मंगलबार बाट भने 'वर्ड अफ माउथ'ले फिल्ममा दर्शक बढ्न थालेको वितरक कम्पनी आरआर फिल्म्सका रोहित कट्टेलले जानकारी दिए । माघ १ गते अर्थात् माघे संक्रान्तिको दिन देशभर फिल्मले ५० प्रतिशत माथि अकुपेन्सी हासिल गरेको उनको दाबी छ ।

प्रदर्शनको सुरुवाती दुई दिन फिल्मका कलाकारहरु दयाहाङ राई, सिर्जना निङलेखु र जितु नेपालले काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकसँग साक्षात्कार गरेका थिए । बुधबार निर्देशक यम शेर्पा र अभिनेत्री सिर्जना निङलेखुले लाहुरेको सहर भनिने धरान पुगेर त्यहाँको फ्रेन्ड्स सिनेमाजमा फिल्मको हाउसफुल शोमा उपस्थित दर्शकसँग भेट गर्दै धन्यवाद व्यक्त गरे ।

निर्देशक शेर्पा स्वयंको लेखन रहेको फिल्ममा दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित लगायतको पनि अभिनय छ । फिल्मका निर्माता तथा छायाँकार पुरुषोत्तम प्रधान हुन् । अभाव र दुःखबीच एउटा झाँक्री परिवारले आफ्नो जातीय संस्कृति जोगाउन गरेको संघर्षमा फिल्म आधारित छ । यसमा दयाहाङ राईले झाँक्रीको भूमिका निभाएका छन् ।

# हिमालय क्षेत्रमा भूकम्पको अत्यधिक जोखिम किन छ ?

काठमाडौं/चीनको तिब्बतमा गत मंगलबार बिहान ७.१ म्याग्निच्यूडको विनाशकारी भूकम्प गयो । उक्त भूकम्पमा परी तिब्बतमा १ सयभन्दा धेरै मानिसले ज्यान गुमाए । उक्त शक्तिशाली भूकम्पले नेपाल, भारत, भुटान तथा चीनका अन्य क्षेत्रमा पनि कडा धक्का महसुस भयो । भूगर्भविदहरुका अनुसार उक्त शक्तिशाली भूकम्पको केन्द्र नेपाल-तिब्बत सीमा क्षेत्रको नजिकै थियो ।

चिनियाँ सरकारी टेलिभिजन सिसिटिभीका अनुसार भूकम्पको केन्द्र नजिकैको डिंगरी काउन्टीमा धेरै भवनहरु भग्नावशेषमा परिणत भएका छन् । सञ्चार माध्यमका अनुसार पछिल्लो पाँच वर्षमा तिब्बतको दोश्रो ठूलो सहर सिगात्से आसपासका क्षेत्रमा ३ वा त्यसभन्दा अधिक तिव्रताका २९ वटा भूकम्प गएका छन् । भारतीय र युरेसियन टेक्टोनिक प्लेटबीचको टकरावबाट बनेको हिमालय क्षेत्रमा यस्तोखाले भूकम्पीय गतिविधि सामान्य हो ।

**नेपाल र तिब्बतमा भूकम्प किन आउाछ ?**

नेपाल विश्वको सबैभन्दा सक्रिय भूकम्पीय क्षेत्रमध्ये एकमा अवस्थित छ । यहाँ भारतीय टेक्नोनिक प्लेट प्रतिवर्ष करीब ५ सेन्टिमिटरको दरमा उत्तरतर्फ युरेसियन प्लेटलाई धकेलिरहेको छ ।

**कैलाश मानसरोबर क्षेत्र**

अन्य क्षेत्रमा पृथ्वीमुनिका प्लेटहरूबीच टकराव तथा छुने अवस्था बनिरहेको छ तर त्यो समुद्री प्लेट र जमिनको प्लेटबीच भइरहेको देखिन्छ तर पृथ्वीको सतहमुनि रहेका जमिन र जमिनका दुईवटा प्लेटहरूले एकापसलाई धकेलिरहेको अवस्था भने हिमालय क्षेत्रमा मात्र छ।

त्यसले गर्दा जमिनमा हलचल पैदा हुन्छ । उक्त हलचलले केवल हिमालयका चुचुराहरुलाई माथि उठाइरहेको मात्र छैन पृथ्वीको सतहमुनि अत्यधिक तनाव पैदा गर्दछ । जब त्यो सञ्चित दबाब पृथ्वीको सतहमुनिका चट्टानको क्षमता भन्दा धेरै हुन्छ तब यसले भूकम्पको रुप लिन्छ । सोही कारणले नेपाल र त्यसको आसपासको हिमालय क्षेत्रमा प्राय: भूकम्पीय गतिविधि भैरहेको हुन्छ । विज्ञहरुका अनुसार हिमालय क्षेत्रमा भूकम्प गैरहने जोखिम निकै उच्च छ। नेपालमा दुई म्याग्निच्युडभन्दा बढीका झन्डै १० वटा साना भूकम्प दैनिक रूपमा जाने गरेको विज्ञहरु बताउँछन् । नेपालको जमिनको माथिल्लो पत्र अस्थीर चट्टानबाट बनेको छ, जसले भूकम्पीय प्रभावलाई बढाउँछ र भूकम्पपछि त्यो झनै कमजोर बन्दछ ।

विज्ञहरूका अनुसार पश्चिममा अफगानिस्तानदेखि पूर्वमा म्यान्मारसम्म फैलिएको हिन्दूकुश तथा हिमालय क्षेत्र भूकम्पीय जोखिमका दृष्टिले निकै संवेदनशील छ। नेपालमा ८०० किलोमिटरभन्दा लामो हिमाली क्षेत्र भएकाले यस क्षेत्रको भूकम्पीय जोखिमको एक तिहाइ प्रभाव यसै क्षेत्रमा पर्ने भूगर्भविदहरू बताउँछन्। हिमाली क्षेत्रमा जाने भूकम्पले क्षतिको जोखिम अझ बढी हुन्छ । किनभने भूकम्पका कारण हिमाली क्षेत्रमा पहिरो जाने तथा त्यस क्षेत्रमा रहेका हिमतालहरू फुट्ने सम्भावना बढ्छ। त्यसले गर्दा विपद्को जोखिम बढाउँछ।

नेपालको कोशी, गण्डकी र कर्णाली जलाधार क्षेत्र सहित भारत र चीनमा ४७ वटा सम्भावित खतरनाक हिमतालहरू रहेका र खतरको सूचीमा रहेका हिमतालहरूमध्ये २१ वटा नेपालमा, २५ वटा तिब्बतमा र एउटा भारतमा रहेको इसिमोडले गरेको अध्ययनमा उल्लेख छ। त्यसैले यी खतरनाक हिमतालहरु फुटेमा अकल्पनीय क्षति हुने विज्ञहरु बताउँछन् । काठमाडौं जस्ता सहरी क्षेत्रमा उच्च जनघनत्व र अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण पनि भूकम्पीय प्रकोपबाट हताहती तथा क्षतिको जोखिम बढेको छ ।

**भूकम्पको श्रृंखला कसरी सुरु भयो ?**

गत मंगलबार सुरुवाती ७.१ तीव्रताको भूकम्प बिहान ६बजेर ३५ मा सिजाङ्गमा गयो । त्यसपछि ४.७ र ४.९ म्याग्नेच्यूडका दुईवटा परकम्प आए । भूकम्पको प्रभाव तिब्बतबाट बाहिरसम्म पनि फैलियो । उत्तर भारतसँगै नेपाल तथा भुटानमा समेत भूकम्पको शक्तिशाली कम्पन महसुस भयो । लगातार भूकम्प आउनुका बाबजुत हिमालय क्षेत्र प्राय: प्राकृतिक विपदको पूर्वतयारीमा कमजोर सावित हुँदै आएको छ । मुख्य चुनौतिहरुमा भवन निर्माण मापदण्डको कमजोर पालना, पूर्व चेतावनी प्रणाली प्रभावकारी नहुनु तथा भूकम्पीय सुरक्षाका विषयमा अपर्याप्त जागरुकता समेत रहेका छन् ।

हालैका वर्षमा नेपाल तथा तिब्बतमा विभिन्न घातक भूकम्प गएका छन् । सन् २०१५ मा नेपालमा गएको विनाशकारी ७.८ म्याग्निच्युडको भूकम्पमा परेर करीब ९ हजार मानिसको मृत्यु हुनुका साथै अर्बौंको भौतिक क्षति भएको थियो । त्यस्तै तिब्बतमा सन् २०११ मा गएको ६.९ म्याग्निच्युडको भूकम्पमा १ सयभन्दा धेरैको मृत्यु भएको थियो । १९९० सालको भूकम्पले पूर्वी नेपाल पनि प्रभावित भएको थियो । नेपाल-बिहार भूकम्प भनिने सो भूकम्पमा १६ हजार मान्छे मरेको अनुमान छ । तीमध्ये ८ हजारको नेपाल र ८ हजारको विहारमा मृत्यु भएको थियो । ४ हजार व्यक्तिले काठमाडौं उपत्यकाभित्रै ज्यान गुमाएका थिए भने बाँकी मृतक पूर्वका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'लाज शरणम्'ले ल्यायो 'स्टार स्किम' अफर

काठमाडौं/अचेल फिल्म बनाउनभन्दा प्रचारमा बढी मिहिनेत गर्नुपर्ने अवस्था छ । प्रचारमा पनि नयाँ र फरक शैली अपनाउनुपर्ने हुन्छ, जसले दर्शकको ध्यान आकर्षित गराउन सकोस् ।

पछिल्लो समय फिल्मका निर्माताहरुले विभिन्न शीर्षकमा प्रतियोगिताको घोषणादेखि मोबाइलजस्ता उपहार योजना अगाडि सारेर फिल्मको प्रचार गरि रहेका छन् । केही हदसम्म यो प्रभावकारी पनि देखिएको छ ।

यसैबीच, आगामी फागुन १४ गते अर्थात् महाशिवरात्रिको दिनबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'लाज शरणम्'ले एउटा अफर योजना ल्याएको छ । त्यो अफर हो, 'स्टार स्किम' । यसमा सहभागी हुन चाहनेले लोकपप, आधुनिक, कविता, क्यारिकेचर, ऱ्याप र भाषण कलाका विधामा बढीमा दुई मिनेटसम्मको भिडियो बनाएर पठाउनुपर्नेछ ।

प्रतियोगीहरुले तयार पारेका भिडियोहरु फिल्मको टिकटक अकाउन्टमा अपलोड गरिने र त्यसमा प्राप्त भ्यूज र सेयरको आधारमा उत्कृष्ट भिडियो छनोट गरी ५ जनालाई मोबाइल प्रदान गरिने निर्देशक कुमार कट्टेलले जानकारी दिए । माघ १५ गतेसम्म भिडियो पठाउन समयसीमा तोकिएको छ । यो प्रतियोगिताले फिल्मको प्रचारमा सघाउ पुग्ने विश्वास निर्माण टिमको छ ।

केही हप्ताअघि मात्र सार्वजनिक तीनवटा पोस्टरमार्फत् फिल्मको कथावस्तुबारे प्रकाश पारिएको थियो । जसले वैदेशिक रोजगारीले निम्त्याएको कहालीलाग्दो कहरको कथा फिल्मले भन्ने प्रष्ट पार्छ ।

फिल्ममा सीताराम कट्टेल, अर्जुन घिमिरे, विजय बराल, महेश त्रिपाठी, अर्पण थापा, रेणु योगी, मुकुन्द श्रेष्ठ, माला लिम्बू, सागर लम्साल, हरिष निरौला, प्रियाना आचार्य लगायतको अभिनय छ ।

# निर्माण व्यवसायीले गरे आन्दोलन घोषणा

काठमाडौं/निर्माण व्यवसायीले आन्दोलन घोषणा गरेका छन् । निर्माण व्यसायीहरूको छाता संगठन नेपाल निर्माण व्यवसायी महासंघले बुधबार पत्रकार सम्मेलन गरी ३ माघदेखि चरणबद्ध आन्दोलन गर्ने घोषणा गरेको हो ।

महासंघ महासचिव रोशन दाहालले सरकारसँग विभिन्न माग राख्दै आए पनि पूरा नभएपछि बाध्य भएर आन्दोलन घोषणा गर्नुपरेको बताए ।

उनका अनुसार ३ देखि ७ माघसम्म १४ बुँदे मागसहित प्रधानमन्त्री र विकासे मन्त्रालयका मन्त्रीहरूलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम तय भएको छ । त्यसैगरी १८ माघमा माइतीघर मण्डलामा धर्ना, २० माघमा प्रधानमन्त्री निवास बालुवाटारमा धर्ना र २१ माघदेखि राजधानी प्रवेश गरेर पूर्वपश्चिम नाका ठप्प पार्ने गरी चरणबद्ध आन्दोलनका कार्यक्रम बनाइएको छ ।

चरणबद्ध आन्दोलनपछि पनि सरकारले माग सुनुवाइ नगरे राष्ट्रिय गौरवका आयोजना सहित सबै किसिमका निर्माणका काम ठप्प पारिने महासचिव दाहालले जानकारी दिए ।

पछिल्लो पटक निर्माण सामग्रीको भाउ बढिरहनु, सरकारले लामो समयदेखि बक्यौता भुक्तानी नगर्नु, नेपाल राष्ट्र बैंकले उपलब्ध गराएका सुविधा कटौती हुनुजस्ता कारण निर्माण व्यवसाय समस्यामा परेको महासंघ महासचिव दाहालले जानकारी दिए ।

# युट्युबमा आक्रामक 'पिताम्बर' टिजर, प्रदीपको एक्सनको तारिफ

काठमाडौं/फिल्म 'पिताम्बर'मा अभिनेता प्रदीप खड्का पहिलो पटक पूर्ण रुपमा एक्सन भूमिकामा देखिँदैछन् । त्यसको झलक यही सोमबार सार्वजनिक टिजरमा पनि देखिएको छ । एङ्ग्री योङम्यानको रुपमा प्रस्तुत भएका उनलाई काटमारका दृश्यसहित देख्न सकिन्छ । उनलाई एक्सन अवतारमा दर्शकले पनि रुचाएका छन् । युट्युबमा टिजरलाई प्राप्त धेरैजसो प्रतिक्रिया उनकै तारिफमा देखिन्छ ।

कतिले प्रदीपलाई पछिल्लो पुस्ताको भर्सटायल अभिनेता भनेका छन् भने कतिले उनको भ्वाइस र एक्सनको तारिफ गरेका छन् । कतिपयले उनीसहित दयाहाङ राई र सौगात मल्ललाई पहिलो पटक एकसाथ देख्न पाएकोमा खुसी व्यक्त गरेका छन् । यी तीन स्टारको सहकार्यले पनि फिल्मप्रति दर्शकमा उत्साह बढाएको छ । समग्रमा टिजरलाई प्राप्त प्रतिक्रिया उत्साहजनक छ ।

युट्युबमा टिजरले भ्यूज पनि आक्रामक पाइरहेको छ । २४ घण्टामै १० लाख भ्यूज पाएको टिजरलाई हालसम्म १५ लाख बढीले हेरिसकेका छन् । यसले फिल्मप्रति दर्शकको उत्साह दर्शाउँछ । निर्देशक कृषा चौलागाईंले टिजरलाई प्राप्त भ्यूज र प्रतिक्रियाप्रति खुसी व्यक्त गरेकी छन् । टिजरले दर्शकमा बढाएको अपेक्षालाई फिल्मले पूरा गर्ने उनको दाबी छ ।

टिजर हेर्दा फिल्म बदलाको कथामा बनेको भान हुन्छ । प्रदीपको पात्रले कसैसँग बदला लिन खोजिरहेको देखिन्छ । दयाहाङ भने इन्स्पेक्टरको भूमिकामा छन् । टिजरमा थोरै 'स्क्रिन स्पेश' पाए पनि सौगातको इन्ट्री प्रभावशाली छ । दयाहाङ, सौगात र प्रदीपको टकरावको कथामा फिल्म केन्द्रित रहेको टिजरले छनक दिन्छ । टिजरमा फिल्मको मेकिङ उच्च देखिएको छ ।

ठूलो क्यानभासमा तयार भएको फिल्ममा दयाहाङ, सौगात र प्रदीपसँगै प्रमोद अग्रहरी, अनुपविक्रम शाही, सुरक्षा पन्त, दिव्यदेव, दिव्या रायमाझी, सुपुष्पा भट्ट, गौरी मल्ल, रविन्द्र झा, कामेश्वर चौरसिया लगायतको अभिनय छ ।

कलाकारको बलियो 'लाइनअप' भएकाले फिल्मले आक्रामक व्यापार गर्ने प्रक्षेपण गरिएको छ । यो फिल्म आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा-१२ बालमैत्री वडा घोषित



साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/हेटौंडा उपमहानगरपालिका-१२, नम्बर वडालाई बुधबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । 'बालबालिकामा लगानीह सुनिश्चित भविष्यको थालनी' भन्ने उद्देश्यले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

हेटौंडा-१२, का वडाध्यक्ष अर्जुन तिवारीको अध्यक्षता तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुखको आतिथ्यतामा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख लामाले बालमैत्री अभियान सफलरुपमा अघि बढिरहेको जानकारी दिइन् । वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्दैमा बालश्रम र बालविवाह अन्त्य नहुने उनको भनाई छ । बालश्रम र बालविवाह न्यूनीकरण गर्न अभियानको रुपमा अघि बढाइएको नगरप्रमुख लामाले बताइन् ।

कार्यक्रममा विभिन्न क्षेत्रबाट वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणामा सहयोग पुऱ्याएको भन्दै हेटौंडा उपमहानगर पालिका, जिल्ला समन्वय समिति मकवानपुर, माइती नेपाल मकवानपुर, मामाघर नेपाललगायत संघसंस्थालाई प्रसंशापत्र प्रदान गरिएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँ, जनप्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, बालसमूहका अध्यक्ष, विद्यार्थी, स्काउट, नेपाल प्रहरी लगायतको उपस्थिति रहेको थियो ।

हेटौंडा-१२, सिग्रेनी सोल्टीचोकबाट ऱ्याली गर्दै बुद्ध माध्यमिक विद्यालयमा पुगेर कार्यक्रम आयोजना गरिएको थियो । वडाध्यक्ष तिवारीको स्वास्थ्यमा समस्या आएका कारण कार्यक्रममा वडाको प्रतिवेदन वडासदस्य महेश भट्टराईले प्रस्तुत गरेका थिए । ४७ वटा सूचकमा सतप्रतिशत र बाँकी ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्यूनतम नतिजा हासिलसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको जानकारी दिए ।

बालअधिकारका चार क्षेत्रको ३६ र संस्थागत विकासको १५ प्रतिशत गरी बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकमा पूरा भएसँगै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो । घरधुरी तथ्यांक संकलन सर्वेक्षण २०७९ अनुसार हेटौंडा-१२ मा कुल २ हजार २ सय ३६ घरधुरी रहेको वडासदस्य भट्टराईको भनाइ छ । वडामा १८ वर्ष मुनिका बालबालिका ३ हजार ७८ जना रहेको भट्टराईले बताए । जसमा १ हजार ५ सय ७८ बालक र १ हजार ५ सय बालिका रहेका छन् ।

वडामा सामुदायिक र संस्थागत गरी ५ वटा विद्यालय सञ्चालनमा रहेको छ । २२ वटा बालसमूह र १ वडास्तरीय बालसञ्जाल रहेका छन् । जसमा ५५० जना बालबालिका आवद्ध रहेको भट्टराईले बताए ।

# सुरक्षित संरचना र पूर्वतयारीमा लाग्न सन्देश

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ २७ औं राष्ट्रिय भुकम्प सुरक्षा दिवस २०८१ को सन्दर्भमा बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले भुकम्पीय सचेतना वृद्धिको लागि शुभकामना सन्देश दिएका छन् । वि.सं. १९९० साल माघ २ गतेको आमविनाशकारी भुकम्पको सम्झना गर्दै सचेतना प्रवाह गर्ने अभिप्रायले भुकम्पीय सुरक्षा दिवस मनाउँ थालिएको हो ।

यसै सन्दर्भमा प्रदेशप्रमुख देवकोटाले सचेतना अभिवृद्धिका लागि सन्देश वक्तव्य प्रदान गरेका हुन् । भुकम्पी सुरक्षा तथा सचेतना बढाउन हरेक वर्ष माघ २ लाई भुकम्प सुरक्षा दिवसको रुपमा मनाउने गरिन्छ । यसदिन विभिन्न चेतना र सावधानीमुलक कार्यक्रम सहित मनाइन्छ । यो वर्षको भुकम्प सुरक्षा दिवस 'भुकम्पले सिकाएको पाठः बलिया संरचना र सुदृढ पूर्वतयारीका साथ' नाराकासाथ मनाइएको हो ।

भुकम्प प्राकृतिक प्रकोप हो, यसलाई रोक्न सकिन्न तर, सुरक्षित संरचना, सावधानि, पूर्वतयारीका उपायहरु अपनाएर यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ ।

'भुकम्पलाई क्षतिको कारण मान्नुभन्दा हामी बलिया, सुरक्षित संरचना, पूर्वसावधानी र भुकम्प गइहालेमा गर्नुपर्ने प्रतिकार्यमा उचित ध्यान दिएर सुरक्षात्मक स्थितिमा र हनुपर्दछ' सन्देशमा प्रदेशप्रमुख देवकोटाले भनेका छन् । 'नेपाल भुकम्पीय जोखिमक्षेत्रमा रहेको कारणले पनि हामी धेरै सचेत हुनु जरुरी छ' सन्देशमा भनिएको छ ।

२०७२ को आमबिनाशकारी भुकम्पपछि धेरै पराकम्प र थुप्रै भुकम्पले तर्साइरहेको सन्दर्भमा यसबाट आत्तिनुभन्दा सुरक्षात्मक उपाय अपनाउन पर्ने उनले सन्देशमा बताएका छन् । राज्यका सम्पूर्ण निकाय समेत पूर्वतयारीका साथ रहनुपर्ने देवकोटाले सुझाव दिएका छन् । प्रदेशप्रमुख देवकोटाले इतिहासको विभिन्न कालखण्डमा गएका भुकम्पमा परी ज्यान गुमाउने ज्ञातअज्ञात व्यक्तिप्रती श्रद्धाञ्जली अर्पण गरेका छन् ।

# किशोरी बलात्कार गर्ने युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ सुस्तमनस्थितिकी किशोरीलाई बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले एक युवकलाई सोमबार पक्राउ गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-१४ की १८ वर्षीया सुस्तमनस्थितिकी किशोरीलाई जबर्जस्ती करणी गरेको आरोपमा स्थानीय आशिष मगरलाई प्रहरीले पक्राउ गरेको हो ।

घरमै बसिरहेकी किशोरीलाई बलात्कार गरेर मगर फरार भएको प्रहरीले जानकारी दिएको छ । आरोपीलाई प्रहरीले अदालतबाट ७ दिनको म्याद थप गरेर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# सल्ले राम्चेको कब्जामा थाहा अन्तरपालिका भलिबल उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ मकवानपुर थाहा नगरपालिकाको ऐंसेलुखर्कमा भएको अन्तरपालिकास्तरीय खुला भलिबल प्रतियोगिताको उपाधि सल्लेराम्चे युवा क्लबले जितेको छ । वडा नम्बर ८ को ऐंसेलुखर्कमा २ माघमा भएको फाइनल खेलमा चण्डेश्वरी युवा क्लबलाई पराजित गर्दै सल्लेराम्चेले उपाधि हात पारेको हो ।

प्रतियोगितामा सल्लेराम्चे युवा क्लबले चण्डेश्वरीलाई २५-१८, २५-२३ र २५-१२ को सोझो सेटमा पराजित गर्दै उपाधि हात पारेको हो । उपाधि चुमेसँगै सल्लेराम्चे युवा क्लबले नगद एक लाख सहित ट्रफी मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता चण्डेश्वरीले ५० हजार नगदसहित ट्रफी, मेडल तथा प्रमाणपत्र पाएको छ ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी सल्लेराम्चेका नवीन महतो पुतली घोषित हुँदा वेष्ट सेटर सल्लेराम्चेका मन्जिल गुरुङ बन्न सफल भए । बेष्ट सर्भर सल्लेराम्चेकै बलराम सुवेदी घोषित भए । बेस्ट ब्लकर चण्डेश्वरीका प्रवेश कार्की, बेस्ट लिब्रो सल्लेराम्चेका अनिल मोक्तान र बेस्ट स्पाइकर चण्डेश्वरीका अफसोच शाहीठकुरी घोषित भए ।

प्रतियोगितामा विजेता तथा उत्कृष्ट खेलाडीलाई प्रमुख अतिथि नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि तथा नेपाल निर्माण व्यवसायी महासंघका पूर्वअध्यक्ष जयराम लामिछाने तथा विशिष्टअतिथि थाहा नगरउपप्रमुख भरत गोपालीले पुरस्कार प्रदान गरेका थिए । २८६१ औं सोनाम ल्होछारको अवसरमा आग्राको पर्यटनलाई चिनाउनको लागि मिनी महोत्सवसहित प्रतियोगिता आयोजना गरिएको आयोजक समितिका रामकुमार घलानले बताए ।

घलानका अनुसार हाल थाहा नगरको वडा न ७ र ८ तथा तत्कालीन आग्रा गाविसमा रहेको पौराणिक, ऐतिहासिक तथा धार्मिक पर्यटकीयस्थलको प्रचारप्रसार र आन्तरिक पर्यटन प्रवर्द्धन गर्न महोत्सव आयोजना गरिएको बताए । ४ दिनसम्म भएको मिनी महोत्सवमा गायिका शान्तारानी परियार, जीतु लोप्चन, बाबुकृष्ण परियार, सानू केसी, सर्मिला गुरुङ (सरु), रजनी लामा र डान्सर ममता रानामगर, पूजा सुनार, सविना राई, पिम्सरा आलेमगर र राममाया वाइबा सहित स्थानीय कलाकारको बेजोड प्रस्तुती रहेको थियो । कार्यक्रममा तामाङ खाना, तामाङ संस्कृति झल्कने विभिन्न झाँकीसहित विविध स्टल राखिएको थियो ।

नमूनाजागरण युवा क्लवको अध्यक्ष जयराम घलानको अध्यक्षतामा भएको समापन कार्यक्रममा थाहा नगरपालिका निवर्तमान उपप्रमुख खड्ग गोपाली, वडा नम्बर ८ का अध्यक्ष हेमकुमार थिङ, वडा न ७ का अध्यक्ष शिवराज थिङ, वडा नम्बर ९ का अध्यक्ष राजकुमार बलामी, नेपाली काँग्रेस नगरउपसभापति नवराज कार्की, थाहा-८ का पूर्ववडाअध्यक्ष टीकाराम रुम्बा, पालुङ जेसीजका महासचिव बिक्रम गोपाली, तामाङ घेदुङका नगरअध्यक्ष दीपेन्द्रकुमार थिङ, कार्यक्रमका आर्थिक संयोजक सीताराम घलान, आग्रा कृषि सहकारीका अध्यक्ष रमेश सेन्चुरी, रम्भादेबी एग्रीग्रेटका संचालक अर्जुन थापा, नेपाल भूतपूर्व सैनिक संघ जिल्ला अध्यक्ष कमलकुमार केसी लगायतका आतिथ्यता थियो ।

# निकुञ्ज र आरक्षमा विकास आयोजनाको अनुमति दिने कानुन सर्वोच्चद्वारा खारेज

काठमाडौं, २ माघ/ सर्वोच्च अदालतले राष्ट्रिय निकुञ्ज एवं वन्यजन्तु आरक्ष क्षेत्रमा विकास निर्माण आयोजना सञ्चालन गर्न सहजीकरण गर्ने कानुनी व्यवस्था खारेज गरेको छ ।




प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र डा. मनोज कुमार शर्माको इजलासले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थपिएको दफा ५(क) र ६(१क) खारेज गरेको हो । उक्त रायलाई फरक दृष्टिकोण सहित न्यायाधीश सपना प्रधान मल्लले समर्थन गरेकी छन् । तर न्यायाधीश हरि फुयालले कानुन खारेज गर्न आवश्यक नभएको भनी फरक मत राखेका छन् । तर बहुमत न्यायाधीशहरूको राय कानुन खारेजीको पक्षमा रहेकाले त्यही नै कार्यान्वयन हुनेछ । यो निर्णयसँगै लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ को राष्ट्रिय निकुञ्ज सम्बन्धी कानुनी व्यवस्था खारेज भएको छ ।

सर्वोच्च अदालतले खारेज गरेको कानुनी व्यवस्थामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष क्षेत्रमा अति संवेदनशील क्षेत्र भनेर तोक्न सकिने र तोकिएका ठाँउमा विकास निर्माणका आयोजना सञ्चालन गर्न अनुमति दिन सक्ने व्यवस्था थियो ।

उक्त कानुनी व्यवस्था नेपालको संविधानमा रहेको स्वच्छ वातावरणको हकसँग बाझिएको भन्दै वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा, अधिवक्ता दिलराज खनाल लगायतले खारेजको मागसहित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । सर्वोच्च अदालतले संविधानसँग बाझिएको ठहर सहित संशोधित कानुनी व्यवस्था खारेज गरेको हो ।

१७ असार, २०८१ मा संघीय संसद्ले लगानी सहजीकरण सम्बन्धी विधेयक पारित गरेको थियो । संशोधित कानुनमा दुई व्यवस्था थपिएको थियो । पहिलो व्यवस्था अनुसार, सरकारले आवश्यक ठानेमा कुनै राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई राजपत्रमा सूचना प्रकाशित गरी अति संवेदनशील क्षेत्र भनी तोक्न सक्थ्यो ।

दोस्रो, त्यसरी अति संवेदनशील क्षेत्र तोकिएको बाहेक राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षित क्षेत्रका अरु ठाँउमा राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना अनि लगानी बोर्डबाट स्वीकृत आयोजना अनि राष्ट्रिय गौरवकै आयोजना सञ्चालन गर्न सरकारले स्विकृती दिनेसक्ने व्यवस्था थियो ।

त्यसका साथै मध्यवर्ती क्षेत्रमा तीन तहकै सरकारले निर्माण गर्ने आयोजना सञ्चालन गर्नसक्ने अनि सम्बन्धित निकायको स्वीकृतिमा पर्यापर्यटन लगायतका उद्योग व्यवसाय सञ्चालन गर्न सकिने व्यवस्था थपिएको थियो । उक्त व्यवस्थाले संविधानमा रहेको स्वच्छ वातावरणको संवैधानिक हक मिचिएको रिट निवेदकहरूको दाबी थियो ।

भौतिक विकासको आवश्यकताले वातावरणमा अपुरणिय क्षति पुग्नेगरी अनुमति दिन नसकिने भन्दै सर्वोच्च अदालतले संशोधित कानुनी व्यवस्थाले वातावरण संरक्षणमा असर पर्ने औंल्याएको हो । सर्वोच्च अदालतले निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र ठूलठूला भौतिक विकासका आयोजनाको अनुमति प्रदान गर्न सक्ने संशोधित कानुनी व्यवस्था संविधानसँग बाझिएको भन्दै बदर गरेको हो ।

फरक दृष्टिकोणसहित त्यो रायलाई समर्थन गर्दै न्यायाधीश सपना प्रधान मल्लले अति आवश्यक अवस्थामा संरक्षण क्षेत्रभित्र विकास निर्माणका आयोजना सञ्चालन गर्न सकिने राय दिएकी हुन् । उनले संक्षिप्त रायमा भनेकी छन्, 'वातावरणमा प्रतिकूल असर नपर्ने गरी अपवादको अवस्थामा पनि विकास/पूर्वाधारको परियोजना बनाउनु हुँदैन भन्ने सोच राख्यो भने विकास र वातावरणबीच द्वन्द्वात्मक र निषेधात्मक परिस्थिति सिर्जना हुन जान्छ ।'

तर संशोधित कानुनी व्यवस्थाले निकुञ्ज र आरक्ष क्षेत्रमा सबै प्रकारको विकास आयोजना सञ्चालन गर्ने जोखिम बढेको भन्दै उनले कानुन खारेज हुनुपर्ने रायमा समर्थन गरेकी हुन् ।

'(संशोधित कानुनमा) अनावश्यक र जोखिमपूर्ण भाषा राखी वातावरण संरक्षणलाई आहत गर्ने बाटो तयार गरेको देखिन्छ,' उनले आफ्नो रायमा भनेकी छन्, 'यो व्यवस्था वातावरण र मानव सभ्यताको निमित्त घातकसिद्ध हुने देखिन्छ । तसर्थ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थपिएको दफा बदर घोषणा गरि दिएको छ ।'

फरक मत राखेका न्यायाधीश हरि फुयालले वातावरण र विकासलाई सँगसँगै लैजानुपर्ने भन्दै तिनलाई एक अर्काको परिपुरकका रुपमा हेरिनुपर्ने दृष्टिकोण राखेका हुन् । संसद्ले जारी गरेको कुनै कानुन बदर गर्ने कामलाई सामान्य रुपमा हेर्न नहुने औंल्याउदै उनले त्यसक्रममा न्यायिक संयमता पनि अपनाउनुपर्ने सुझाव दिएका हुन् ।

थपिएको कानुनी व्यवस्थाले राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रलाई भंग वा विकास गर्ने उद्देश्य नराखेको भन्दै उनले आफ्नो रायमा अतिसंवेदनशील क्षेत्रको रुपमा स्थापना गर्दा त्यसभन्दा बाहेकका क्षेत्रमा निश्चित प्रकृतिका विकासको काम गर्न सकिने व्याख्या गरेका छन् ।

फरक दृष्टिकोणमा न्यायाधीश फुयालले भनेका छन्, 'वैकल्पिक ऊर्जाको श्रोत, ठूला र महंगा आयोजनाको विकल्प तथा पर्यटन र सम्भावित अन्तरदेशीय यातायातको आयाम बोकेका ठाँउहरूमा विकास निर्माणलाई निषेध गर्नेगरी उक्त दफाहरूलाई असंवैधानिक घोषणा गर्ने हदसम्म न्यायाधीशज्यूहरूको रायसँग सहमत हुन सकिएन ।'

*(स्रोतः अनलाइनखबर)*

# आयोजना पाएको १७ वर्षपछि माथिल्लो कर्णालीमा लगानी जुटाउँदै निर्माण कम्पनी

काठमाडौं, २ माघ/भारतीय कम्पनी जीएमआर इनर्जी लिमिटेडले निर्माण जिम्मा पाएको १७ वर्षपछि माथिल्लो कर्णाली जलविद्युत् आयोजनामा लगानी जुटाउने भएको छ । अन्तर्राष्ट्रिय प्रतिस्पर्धा मार्फत जीएमआरले सन् २००८ (२०६४ साल) मा माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माणको जिम्मा पाएको थियो । नेपाल सरकार र जीएमआरबीच १० माघ २०६४ मा आयोजना सर्वेक्षण र निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

त्यसको १७ वर्षपछि जीएमआर लगायत यो आयोजनाका प्रवर्द्धन कम्पनीहरूले वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) गर्ने भएका हुन् । जीएमआर एक्लैले यो आयोजना बनाउन नसक्ने भएपछि उसले अरुण तेस्रो निर्माण गरिरहेको भारत सरकारको कम्पनी एसजेभीएन तथा भारतीय नवीकरणीय ऊर्जा विकास एजेन्सी (इरेडा) लाई पनि लगानीकर्ताका रूपमा भित्र्याएको थियो ।

अब यो परियोजनामा जीएमआर र एसजेभीएनको ३४/३४ प्रतिशत सेयर स्वामित्व छ । नेपाल विद्युत् प्राधिकरणले आयोजनाको निःशुल्क इक्विटी बापत २७ प्रतिशत सेयर पाएको छ । इरेडाको स्वामित्वमा ५ प्रतिशत सेयर पुगेको छ । यी तीन कम्पनी मिलेर आयोजनाको वित्तीय व्यवस्थापन अन्तिम चरणमा पुऱ्याएको र यो बुझाउने अन्तिम म्याद २ माघसम्म लगानी बोर्डसमक्ष बुझाउने स्रोतले जानकारी दियो ।

आयोजनाको वित्तीय व्यवस्थापन हुँदैछ भन्ने विषयमा आफूले पनि अनौपचारिक थाहा पाएको तर हालसम्म कम्पनीले दस्तावेज पेस भने नगरेको लगानी बोर्डका प्रवक्ता प्रद्युम्न उपाध्यायले संचारकर्मीलाई जानकारी दिए । भारतीय सरकारी ऊर्जा कम्पनी एनएचपीसी एवं एसजेभीएन लिमिटेडका अध्यक्ष तथा प्रबन्ध निर्देशक राजकुमार चौधरीले बुधबार नयाँदिल्लीमा भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्मासँग भेट गरेर यस सम्बन्धमा जानकारी गराएको डा. शर्माले संचारकर्मीसँग बताए ।

जीएमआरलेयो आयोजनामा लगानी जुटाउने म्याद पटक-पटक सारे पनि सर्वोच्च अदालतले आयोजनाको म्याद नथप्न आदेश दिएपछि त्यस अनुसार ४ माघसम्म उसले म्याद पाएको बोर्ड प्रवक्ता उपाध्यायले बताए । सर्वोच्च अदालतले आयोजनालाई दुई वर्षअघि ३१ असार २०७९ मा थपेको म्याद नै अन्तिम हुने र त्यसपछि म्याद थप नगर्न आदेश दिएकाले अब भने उसलाई लगानी जुटाउनुको विकल्प थिएन ।

२४ वैशाख २०८० मा सर्वोच्चले गरेको फैसला अनुसार त्यसअघि सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशका कारण गुमेको समय समेत थपेर लगानी बोर्डले ४ माघसम्म लगानी व्यवस्थापन गर्न कम्पनीलाई भनेको थियो । त्यही आधारमा जीएमआर तथा एसजेभीएनले लगानी जुटाएको र आजभोलिमै लगानी बोर्डलाई यसबारे जानकारी गराउने स्रोतले बतायो ।

लगानी बोर्ड र जीएमआरबीच ३ असोज २०७१ मा परियोजना विकास सम्झौता भएको थियो । उक्त सम्झौता अनुसार कम्पनीले वित्तीय व्यवस्थापनको दस्तावेज बुझाउनुपर्छ । 'पीडीए बमोजिम वित्तीय व्यवस्थापन भएको मान्नका लागि कम्पनीले ऋणदातासँग ऋण सम्झौता गरेको हुनुपर्छ,' यो परियोजनाबारे जानकार एक अधिकारीले भने, 'त्यस्तो सम्झौता अनुसार पहिलो किस्ता लिन आयोजनाले पूर्वसर्त पूरा गरेको हुनुपर्ने वा ऋणदाताले नै त्यसमा छुट दिएको हुनुपर्ने व्यवस्था छ ।'

**दुई भारतीय कम्पनी र नेपाली बैंकले गर्दैछन् लगानी**

सन् २०११ मा भएको विस्तृत परियोजना सम्झौता अनुसार परियोजनाको लागत १ अर्ब ५ करोड अमेरिकी डलर (हालको विनिमयदर) अनुसार करिब डेढ खर्ब रुपैयाँ छ । करिब १४ वर्षअघि डीपीआर भएकोमा अहिले परियोजनाको लागत बढ्ने अनुमान छ ।

आयोजनामा ३० प्रतिशत इक्विटी लगानी हुनेछ भने ७० प्रतिशत ऋण लगानी हुनेछ । ऋणमध्ये ठूलो हिस्सा परियोजनामा ५ प्रतिशत सेयर हिस्सा रहेको इरेडा र भारतको पावर फाइनान्स कर्पोरेसन (पीएफसी) ले लगानी गर्ने गरी सम्झौता भइसकेको स्रोतले जानकारी दियो ।

*(स्रोतः अनलाइनखबर)*

# माघ १६ मा मनहरीमा सांस्कृतिक कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ मकवानपुरको पश्चिमीक्षेत्र मनहरीमा सोनाम ल्होसारको अवसरमा साँकृतिक कार्यक्रम हुने भएको छ । मनहरी गाउँपालिका-७, स्थित बुद्धशान्ति हरित पार्कमा २८६१ (हुलल्हो) सोनाम ल्होछारको अवसरमा २ दिने वृहत् साँस्कृतिक कार्यक्रम आयोजना गर्न लागेको हो ।





बुधबार पत्रकार सम्मेलन मार्फत माघ १६ र १७ गते तामाङ समुदायको भाषा, संस्कृति, भेषभूषा, रहनसहन, सामाजिक संस्कारको संरक्षण एवम् प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको जनाइएको छ । कार्यक्रममा ज्येष्ठनागरिकलाई सम्मान, राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति र झाँकी प्रदर्शन हुने ल्होछार मुल आयोजक समितिका संयोजक सुरेशकुमार मोक्तानले पत्रकार सम्मेलनमा बताएका छन् । कार्यक्रममा राष्ट्रिय कलाकार ज्योति मगरसहित स्थानीय कलाकारको साँस्कृतिक प्रस्तुति रहने उनले बताए ।

कार्यक्रममा स्थानीयस्तरको मौलिक एवम् परम्परागत खाना तथा तामाङ समुदायको परिकारका स्टल राखिने भएको छ । बालबालिकालाई आकर्षित गर्ने बालउद्यान पनि रहेन बताइएको छ । कार्यक्रममा करिब ८ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको मोक्तानले बताएका छन् ।

# इजरायल-हमास युद्धविराम सम्झौता, विपिन रिहाइको खुल्यो बाटो

काठमाडौं, २ माघ/ इजरायल र हमास गाजामा १५ महिना जारी युद्ध अन्त्य गर्न युद्धविराम सम्झौतामा पुगेका छन् । स्रोतहरूलाई उदृत गर्दै बीबीसीलाई जनाएअनुसार स्थायी युद्धविरामको लागि दुवैपक्ष तयार भएका हुन् । सम्झौताको औपचारिक रूपमा घोषणा भने गरिएको छैन ।



यो सम्झौताले लाखौं विस्थापित गाजाहरूलाई घर फर्कन अनुमति दिनेछ भने बन्धकहरूको रिहाइको सुनिश्चितता गरेको छ । हमासले ७ अक्टोबर २०२३ मा दक्षिणी इजरायलमा आक्रमण गरी १२ सय बढीको ज्यान लिएको थियो भने २५१ जनालाई बन्धक बनाएर गाजातर्फ लगेको थियो ।

नेपाली विद्यार्थी विपिन जोशीसमेत हमासको बन्धक बनेका छन् । यो सम्झौतासँगै विपिनको रिहाइको पनि बाटो खुलेको छ । हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा इजरायलको आक्रमणबाट अहिलेसम्म ४६ हजार बढी प्यालेस्टाइनीहरू मारिएका छन् ।

इजरायलले अझै पनि ९४ जनालाई हमासले बन्धक बनाएको छ जसमध्ये ३४ जनाको मृत्यु भएको अनुमान गरिएको छ । यसैबीच अमेरिकी नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले बन्धकहरूको रिहाइका लागि सम्झौता भएको र उनीहरूलाई छिट्टै रिहा गरिने बताएका छन्।

सम्झौताको पहिलो चरणमा हमासले ५० वर्षभन्दा माथिका महिला, बालबालिका र पुरुषसहित ३३ जना इजरायली बन्धकहरूलाई रिहा गर्ने छ । पहिलो चरणको १६ औं दिनदेखि सुरु हुने दोस्रो चरण कार्यान्वयन सुरू हुने र बाँकी रहेका सबै बन्धकहरूको रिहाइ हुने मध्यस्थकर्ताहरूले जनाएका छन् । स्थायी युद्धविराम र गाजाबाट इजरायली सेनाको फिर्ती सम्झौतामा उल्लेख रहेको बीबीसीले जनाएको छ । तेस्रो चरणले मृत बन्धकहरूको बाँकी सबै शवहरू फिर्ता गर्ने र गाजाको पुनर्निर्माणको सुरुवातलाई सम्बोधन गर्ने बताइएको छ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना